जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ३५, २०७९ साल फागुन २६ गते शुक्रबार, नेपाल संवत् ११४३ (March. 10, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

उपराष्ट्रपतिमा जसपा निर्विरोध हुने

काठमाडौं । नयाँ उपराष्ट्रपति निर्विरोध चुनिने सम्भावना देखिएको छ । उपराष्ट्रपतिमा नेकपा (एमाले) ले उम्मेदवारी नदिने सम्भावना भएकाले चैत ५ मा उपराष्ट्रपति निर्विरोध निर्वाचित हुने सम्भावना बढेको हो ।

एमालेले अहिलेसम्म राष्ट्रपतिमा उम्मेदवारी दिने/नदिने निर्णय गरेको छैन । स्रोतहरूका अनुसार ८ दलीय गठबन्धनबाट जनता समाजवादी पार्टीका नेता उपराष्ट्रपति उम्मेदवार बने एमालेले आफ्ना उम्मेदवार उठाउने छैन । एमालेका एकजना पदाधिकारीले जसपाका सांसदलाई आफूहरूले **बाँकी ८ पेजमा**

मेलम्चीको पानी : आसैआसमा बित्यो दिन

काठमाडौं । मेलम्ची खानेपानी वितरणका लागि काठमाडौं उपत्यकामा बिछ्याइएका पाइपमा चुहावट भएको पाइएको छ । पछिल्लो एक दशकयता बिच्छाइएका नयाँ पाइपमा चुहावट भएको पाइएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयले जनाएको छ ।

निर्देशनालयले यसअघि बिच्छाइएका पाइपको परीक्षण गरिरहेको छ । नयाँ पाइपमा परीक्षण गर्दा ठाउँठाउँमा चुहावट भएको पाइएको र ती **बाँकी ८ पेजमा**

श्रमिक महिलालाई नछोएको महिला दिवस

सन्दर्भ : नारी दिवस

काठमाडौं । 'समान हिस्सेदारी आत्मसात' नाराका साथ ८ मार्चका दिन विश्वव्यापी रुपमा ११३ औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइयो । हरेक वर्ष ८ मार्चका दिन मनाइने अन्तर्राष्ट्रिय महिला दिवस कुनै उत्सव नभई उत्पीडित महिलाको आवाज हो । सन् १९०८ मा संयुक्त राज्य अमेरिकास्थित न्युयोर्क सहरका कपडा कारखानामा काम गर्ने महिला मजदुरहरूले पुरुष सरह ज्याला पाउनुपर्ने भन्दै आन्दोलनमा उत्रिएको स्मरणमा महिला दिवसको सुरुवात भएको हो । न्युयोर्क सिटीमा काम गर्ने झन्डै १५ हजार महिलाहरूले काम गर्ने समय थोरै हुनुपर्ने, राम्रो ज्याला दिइनुपर्ने र मतदानको अधिकार हुनुपर्ने मागसहित ज्याली गरेसँगै महिला आन्दोलनको सुरुवात भएको थियो । त्यसकै एक वर्षपछि अमेरिकाको समाजवादी पार्टीले पहिलो राष्ट्रिय महिला दिवस घोषणा गरेको थियो ।

सन् १९१० मा कोपनहेगनमा भएको कामकाजी महिलाको अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा दिवसका रुपमा मनाउन माग राखिन् । १७ देशका १०० महिला सहभागी भएको उक्त अन्तर्राष्ट्रिय महिला सम्मेलनले ८ मार्चलाई विश्व महिला दिवसका रुपमा मनाउने घोषणा गऱ्यो । सन् १९११ मा अन्तर्राष्ट्रिय महिला दिवस जर्मनी, डेनमार्क, अष्ट्रिया र स्वीटजरल्यान्डमा मनाइयो । संयुक्त राष्ट्रसंघले सन् १९७५ मा यो दिवस मनाउन थालेपछि यसले आधिकारिकता पाएको हो । नेपालमा सरकारी स्तरमा २०१६ सालमा प्रधानमन्त्री बीपी कोइरालाको पालादेखि महिला दिवस मनाउन सुरु गरिएको हो ।

सन् १९१७ मा भएको युद्धकालीन आन्दोलनमा रुसी महिलाहरूले 'रोटी र शान्ति' को माग नगर्दासम्म यसले औपचारिकता पाएको थिएन । महिला आन्दोलनको चार दिनपछि तत्कालीन सम्राट जारले पद त्याग्न बाध्य भए र त्यहाँको अस्थायी सरकारले महिलालाई

मतदानको अधिकार दियो । त्यहींबाट आजसम्म ८ मार्चलाई महिला दिवसका रुपमा मनाइन्छ । यसले प्रस्ट पार्छ महिलाले निम्नतम आवश्यकता, शान्तिप्रेम र मताधिकार प्राप्त गर्न धेरै प्रयास गरेका रहेछन् । महिला सृष्टिका स्रोत, घरका व्यवस्थापक र समाजका अभिन्न अंग हुँदाहुँदै पनि विभेद किन सिर्जना भयो ? आजसम्म सबैको मनस्थितिबाट निस्कने जिज्ञासा हो यो । अन्तर्राष्ट्रिय महिला आन्दोलनको सुरुवाती महिलामाथिको विभेदले झकझक्याउँछ । महिला भएकै कारण लैंगिक विभेदले समाज टुक्याउन खोजेको हो त ? सन् २०२० मा विश्व आर्थिक मञ्चलाई उधृत गर्दै अन्तर्राष्ट्रिय महिला अभियानले भनेको छ– झन्डै अरु एक शताब्दीसम्म लैंगिक समानता हुने छैन । हामीहरू कसैले पनि यो जीवनकालमा लैंगिक समानता देख्ने छैनौं । र, हामी धेरैका सन्तानले देख्ने देखिँदैन । युएन वुमनको सन् २०२० को तथ्यांकले कोरोना भाइरसको विश्वव्यापी महामारीले २५ वर्षको बढ्दो लैंगिक समानतालाई पछाडि पार्ने खुलासा समेत गरेको थियो ।

कोरोना भाइरस फैलिन थालेको बेलामा सन् २०२० मा विश्वभरि ज्याली भए । किगिस्तानको राजधानीमा भएको प्रदर्शनमा दर्जनौं महिलालाई गिरफ्तार गऱ्यो । उक्त प्रदर्शनका अभियानकर्मीहरूले महिलाहरूका अधिकार खस्कँदै गएको बताए । पाकिस्तानमा पनि हिंसा र मुद्दाको डर देखाइए पनि महिला ज्यालीहरू भए । मेक्सीकोमा महिला विरुद्ध हिंसा बढ्दै गएको भन्दै ८० हजार मानिस सडकमा ओर्लिए । अमेरिकामा पहिलो उपराष्ट्रपति एक अश्वेत बनिन् कमला हयारिस । नोर्दन आयरल्यान्डमा गर्भपतनलाई अपराध नहुने व्यवस्था गरियो । सुडानमा सार्वजनिक स्थलमा महिलाले कस्तो लुगा लगाउनुपर्छ र कस्तो व्यवहार गर्नुपर्छ भन्ने कानुन खारेज गरियो । क्यानडा, डेनमार्क, स्वीटजरल्यान्ड लगायत थुप्रै युरोपेली देशहरूको नेतृत्वमा महिला निर्वाचित भएका छन् । इरानमा हिजाफविरुद्ध महिला आन्दोलन जारी छ । अफगान महिलाहरू समेत तालेवान क्रुरता विरुद्ध लडिरहेका छन् । आइएस लडाकुको रुपमा समेत मुस्लिम महिलाले ज्यान कुर्बान गरिरहेका छन् । यसले महिला आन्दोलन र नेतृत्वले परिवर्तन ल्याएको विश्व अभ्यास बुझ्न सकिन्छ ।

तीनवटै तहका **बाँकी ८ पेजमा**

बौद्ध कलेजप्रति मालेको आपत्ति

काठमाडौं । नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरी मुस्ताङ बौद्ध कलेज चलाउन सरकारसँग गरिएको मागप्रति गम्भीर ध्यानाकर्षण गराएको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ– सञ्चार माध्यममा हालै प्रकाशित समाचार अनुसार चार दशक अघि तिब्बतबाट भागेका 'विद्रोही खम्पाहरू' द्वारा चीनविरुद्ध सशस्त्र अभियान चलाउन प्रयोग गरिएको नेपाली भूभाग मुस्ताङको फल्याक क्षेत्रमा इण्डिया सरकारले नेपाल सरकारसँग 'मुस्ताङ बौद्ध कलेज' चलाउन अनुमति मागेको छ ।

त्यसमा तिब्बती शरणार्थी सहित विदेशी विद्यार्थीलाई बौद्ध शिक्षा दिने उद्देश्य देखाइकोछ । यसप्रति नेकपा (माले) को गम्भीर ध्यानाकर्षण **बाँकी ८ पेजमा**

युरेनियम हात पार्ने भारतको दाउ

काठमाडौं । चीनसँग सीमा जोडिएको हिमाली भूभाग मुस्ताङ क्षेत्रमा भारतलाई बौद्ध कलेज खोल्न दिने निर्णयबाट सरकार पछि हटेको छ । विशेषतः यस विषयमा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओलीले खबरदारी गरेपछि सरकारले बौद्ध कलेज खोल्न दिने विषयमा कुनै निर्णय नभएको जनाएको छ । कलेज खोल्न अनुमति दिने विषयको पत्र भारतीय दुताबासमा नपठाएको समेत सरकारले भनेको छ ।

ओलीले मुस्ताङमा बौद्ध कलेज खोल्न अनुमति दिएर ०३१ सालको काण्ड बल्झाउन खोजेको भनेका थिए । त्यसबेला अमेरिकी खुफिया एजेन्सी सिआईएले मुस्ताङमा खम्पा विद्रोह मच्चाएको थियो । अमेरिकी हेलिकप्टरबाट अत्याधुनिक हतियारहरू काठमाडौंको स्युचाटारमा झारेर खम्पा विद्रोहीहरूका **बाँकी ८ पेजमा**

भारतीय विषादीयुक्त तरकारी नेपाली भान्सामा

काठमाडौं । नेपाली कृषकहरूले उत्पादन गरेका तरकारीले बजार नपाएर सडकमा मिल्काउनु परेको दुःखद दृश्यको बेवास्ता गर्दै माओवादी नेतृत्वको वर्तमान गठबन्धन सरकारले भारतको चाकडी बजाउँदै विषादी नै प्रयोग नगरी भारतीय तरकारीको आयातलाई प्रोत्साहित गरेको छ । भारतीय

तरकारीमा अचाक्ली विषादी प्रयोग गरिने भएकाले त्यसको परीक्षण गरिनुपर्ने आवाज उपभोक्ताहरूबाट उठेपछि तरकारीको मापदण्डसहितको प्रस्ताव पाँच महिनाअघि मन्त्रिपरिषद्मा पुगेकाका हाल सो फाइल कृषि मन्त्रालयमै फिर्ता **बाँकी ८ पेजमा**

चीनले बढायो रक्षा बजेट

काठमाडौं । चीनले सन् २०२३ को रक्षा बजेटमा ७.२ प्रतिशतले वृद्धि गर्ने भएको छ । आइतबार राष्ट्रिय जनकंग्रेस (एनपीसी) को वार्षिक सत्रको उद्घाटनमा पेस गरिएको बजेटको मस्यौदामा देशको वार्षिक रक्षा बजेट करिब २ खर्ब २५ अर्ब डलर हुने उल्लेख छ ।

विश्वव्यापी रूपमा नै सुरक्षा तनाव बढिरहेको अवस्थामा चीनले आफ्नो रक्षा बजेटलाई निरन्तर बढाउँदै लगिरहेको छ । यसले अमेरिका र चीनबीचको द्वन्द्वलाई थप **बाँकी ८ पेजमा**

राजस्व विभाग चिन्तित

काठमाडौं । अघिल्लो आर्थिक वर्षको तुलनामा गतवर्षको आय विवरण दाखिला गर्ने करदाता ठूलो संख्यामा घटेको देखिएपछि आन्तरिक राजस्व विभागले खोजबिन सुरु गरेको छ । प्रत्येक आर्थिक वर्षको आय विवरण असोज मसान्तसम्म कर कार्यालयमा दाखिला गरिसक्नुपर्छ । **बाँकी ८ पेजमा**

वित्तीय क्षेत्रमा मौलायो अराजकता

काठमाडौं । विश्वव्यापी फैलिएको कोरोना भाइरसले थला पारेको नेपालको अर्थतन्त्र वित्तीय क्षेत्रका भाइरसहरूले थप तहसनहस बनाइरहेका छन् । राजनीतिक अस्थिरताले गर्दा अर्थतन्त्रलाई सही दिशा दिनेतर्फ कुनै सरकारको ध्यान जान सकेन । व्यक्तिगत र दलगत स्वार्थ लिप्सामा अल्झिएका नेताहरूले देशमा गम्भीर बन्दै गरेको आर्थिक समस्या सम्बोधन गर्नुभन्दा कुर्सीको जोडघटाउमा तल्लीन बन्न पुगे । बजारमा तरलताको अभाव लामो समयसम्म कायम रहेका कारण शेयरबजार पूरै ध्वस्त बन्न पुगेर शेयर मार्केटका हजारौं लगानीकर्ताहरूले अर्बौंको नोक्सानी झेल्नु पऱ्यो । घरजग्गा कारोबार ठप्प जस्तै बन्न पुगेको छ । घरजग्गा, शेयर मार्केटको सोझो असर व्यापार व्यवसायमा परेर थुप्रै बिजनेस कम्प्लेक्सहरू नचल्ने अवस्थामा पुगेका छन् भने व्यापारीहरू सटर बन्द गरेर आन्दोलनमा उत्रिरहेका छन् ।

राष्ट्रबैंकले जथाभावी स्वीकृत दिएर रिटायर बैंक कर्मचारीहरूले खोलेका लघु वित्तहरूले गरिब जनताको घरबास उठाएको भन्दै लघुवित्तका कर्मचारीहरूलाई गाउँघरदेखि लखेटेका समाचार दिनहुँ आउन थालेका छन् । ठुलठुला सहकारीले जनताको अर्बौं डिपोजिट फिर्ता गर्न नसकेर सञ्चालक फरार बनेका खबरले सानातिना सहकारीहरूको समेत ताला लाग्ने अवस्था सिर्जना भइरहेको छ । बैंकको ऋण तिर्न नसकेर एकजना व्यापारीले संसद भवनको मूल गेटमा आत्मदाह गरेर सरकारको ध्यानाकर्षण गराउँदा समेत सरकार गम्भीर बनेको छैन । मिटर ब्याजीको आतंकले तराई मधेसका सयौं गाउँले पीडित भएका र उल्टै पीडितले नै थुनिनु परेको समाचार सार्वजनिक भएका छन् । मेडिकल व्यवसायी दुर्गा प्रसाईले लघुवित्त, सहकारी र बैंकहरूले निम्न वर्गका जनता र व्यवसायीहरूलाई आतंकित बनाएको भन्दै देशव्यापी आन्दोलनको शंखघोष गरेका छन् । पूर्वराजा ज्ञानेन्द्रलाई मेची पुलमा दियो सल्काउन लगाएर सुरु गरेको आन्दोलनले वित्तीय क्षेत्रमा थप तनाव र आतंकको अवस्था उत्पन्न भएको छ । आन्दोलनकारीहरूले गाउँघरमा ऋण असुलीका लागि जाने कर्मचारीहरूलाई लखेट्ने कालोमोसो दल्ने गर्न थालेपछि केही बैंकहरूले १।२ प्रतिशत ब्याज घटाएको सूचना समेत सार्वजनिक गर्न थालेका छन् । गृह प्रशासनले वित्तीय संस्थाहरूको सुरक्षामा चासो देखाए तापनि नेपाल राष्ट्र बैंक तथा सरकारको अर्थमन्त्रालयले वित्तीय क्षेत्रका सरोकार **बाँकी ८ पेजमा**

दूधको मूल्य बढ्यो

काठमाडौं । मूल्यवृद्धिको कारण देखाउँदै डेरी उद्योग संघले गत पुस १६ मा एकलौटी रूपमा दूधको मूल्य प्रतिलिटर १४ रुपैयाँ बढाएको छ । डेरी एसोसिएसन, किसानहरूकै संस्था केन्द्रीय दुग्ध उत्पादक सहकारी संघ र उपभोक्ताकर्मीले मूल्यवृद्धिको चर्को विरोध गरेका छन् । चौतर्फी विरोधपछि राष्ट्रिय दुग्ध विकास बोर्डकै पहलमा उद्योगीहरूले मूल्य स्थगन गरेका हुन् । त्यसपछि **बाँकी ८ पेजमा**

बैंकर्स संघले ब्याजदर घटाउने

काठमाडौं । नेपाल बैंकर्स संघले ब्याजदर घटाउने निर्णय गरेको छ । बिहीबार बसेको बैंकर्स संघको बैठकले ब्याजदर घटाउने निर्णय गरेको हो । चैत १ गतेदेखि लागू हुने गरी साधारण निक्षेपमा ०.४ प्रतिशत ब्याजदर घटाइने भएको हो । त्यसैगरी कर्जाको प्रिमियममा ब्याजदर १ प्रतिशतले घटाइने भएको छ ।

वित्तीय संस्थाहरूले आधार दरमा ६ प्रतिशतसम्म **बाँकी ८ पेजमा**

तरल बन्दै नेपाली कूटनीति

समय सन्दर्भ

■ **युवराज गौतम**

चेतनाका दृष्टिबाट हेर्दा हरेक राष्ट्रमा तीन प्रकारका जनता हुन्छन् । पहिलो, आफू र आफ्नो परिवारको मात्र कल्याणमा रमाउँछन् । अर्काथरी, समाजका लागि सानो भए पनि योगदान गर्न उत्प्रेरित रहन्छन् । तेस्रो, राष्ट्रको हित, भविष्य, उन्नयन र सुरक्षाका बारेमा चिन्तित हुन्छन् । राष्ट्रको भविष्य अनिश्चित नहोस् भन्ने उनीहरूको चाहना सत्कर्म, निष्ठा र व्यवहारबाट पुष्टि हुन्छ । यस्ता मानिस (पात्र) थोरै हुन्छन् । बहुमूल्य रत्न दुर्लभ भएझैं कुनै कालखण्डमा राष्ट्रका बारेमा इमानदारीपूर्वक मन, वचन र कर्मले समर्पित हुनेहरू अत्यन्त थोरै हुन्छन् । बुद्धिवादीहरू पृथक् हुन् । उनीहरू बौद्धिक क्षमताको सदुपयोग र त्यसको सिर्जनशील उत्थानमा लाग्छन् । नेपालका कतिपय 'प्रायोजित

र निर्देशित' विद्वान्-विदुषी फरक चरित्रका छन् ।

स्वेच्छाचारी बुद्धिजीवी र बुद्धिवादीहरू पनि यदाकदा राष्ट्रका बारेमा चर्चा गर्छन् तर राष्ट्रका बारेमा उनीहरूको दृष्टिकोण वस्तुपरक हुँदैन । जहाँबाट आर्थिक लाभ मिल्छ, नेपाललाई त्यही बाटोमा लैजानुपर्छ भन्ने धनवादले हरेक दलमा वैचारिक दासत्व बढेको छ । राष्ट्रको राजनीतिक भविष्य द्विविधामय हुने प्रमुख कारण यही हो ।

राष्ट्र सर्वोपरि हुन्छ भन्ने सोच, दर्शन र मान्यताका पक्षधरलाई सनातनी राष्ट्रवादी भनेर हेय दृष्टिले हेर्नेहरू युरोप वा अमेरिकी स्वार्थलाई 'सर्वोपरि' ठान्छन् । यो ठुलो भ्रम हो । कुनै पनि राष्ट्रका सज्जन नागरिकले स्वराष्ट्रको अवमूल्यन गरेर अरूको मात्र प्रशंसा गर्नेलाई रुचाउँदैनन् ।

द्वन्द्व, आर्थिक जोखिम, सभ्यता र संस्कृतिको क्षय, बढ्दो अन्तर्राष्ट्रिय बसाइसराइ, जलवायु परिवर्तनको दुष्प्रभाव, साना र कमजोर राष्ट्रमा शक्तिशाली राष्ट्रको वैचारिक दबाब, आन्तरिक राजनीतिक शक्तिहरूको अवसरवाद, सिद्धान्त, दर्शन र आदर्शबाट विमुख राजनीतिलगायतका कारणले राष्ट्र नै दिशाहीन बनिरहेको छ ।

भारतको बेङ्लोर सहरमा हालै सम्पन्न जी-२० राष्ट्रका अर्थमन्त्रीहरूको सम्मेलनको अन्त्यमा प्रकाशित गर्नुपर्ने विज्ञप्तिमा चीनले हस्ताक्षर गर्न मानेन । रसियाले युक्रेनमा गरेको हस्तक्षेप गलत छ भन्ने अरूको धारणा भए पनि रसियाको विरोध गर्दा कूटनीतिक सम्बन्ध बिग्रिने डरले चीन हच्किएको स्पष्ट बुझ्न सकिन्छ । गत वर्ष बाली सहरमा भएको जी-२० बैठकमा पनि यस्तै विवाद भएको थियो । अमेरिका, भारत आदि एकातिर छन् भने रसिया एवं चीन र इरानलगायतका राष्ट्र अर्कातिर उभिएका छन् । झन्डै दुई सय राष्ट्रको पंक्तिमा टाढाका केही राष्ट्रहरूले कुनै बहाना बनाएर शक्ति राष्ट्रहरूलाई आश्वस्त पार्लान् तर चीन र भारतबीचमा चेपिएको नेपाललाई 'असंलग्न नीति' बचाउन धौधौ परिरहेको छ ।

जी-२० को आयोजक राष्ट्र भारतका एक उच्च अधिकारीले सरकारी धारणा व्यक्त गर्दै 'चीन र रुस-युक्रेनका बारेमा प्रकाशित विज्ञप्तिमा भारतको सहमति नभएको स्पष्ट गरेका छन् । धेरै विषयमा अमेरिकासँग निकट भएको भारत पनि चीन र रसियालाई रुष्ट पार्न चाहँदैन भन्ने **बाँकी ८ पेजमा**

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल
कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं
प्रबन्ध सम्पादक
कृष्णराज दुलाल
प्रबन्ध निर्देशक
किरण थापा
अतिथि सम्पादक
विष्णु भट्टराई
सहसम्पादक
घनश्याम ओली
संवाददाता
रामशरण रिमाल
सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

जनताले अदालतको जयजयकार गर्ने नै छन्

सुरेन्द्र ढकाल

संसदीय व्यवस्था भनेको खसीको टाउको देखाइ कुकुरको मासु बेच्ने व्यवस्था हो भन्दै जनगणतन्त्र स्थापना गर्ने लक्ष्यसहित सोझासाझा नेपाली युवायुवतीहरूलाई हिंसात्मक आन्दोलनमा होम्ने कार्य तथाकथित माओवादीहरूले गरे। आफ्ना वर्गशत्रुजस्तो पूर्वपञ्च, कांग्रेस अनि एमालेहरूलाई सफाया गरेको भए सायद यसलाई राजनीतिक मुद्दा मान्न सकिन्थ्यो होला। तर कक्षामा पढाइरहेका शिक्षक, गैरराजनीतिक जनताहरू, अनि सार्वजनिक बसमा यात्रा गरिरहेका निहत्था जनतालाई हत्या गर्ने काम जसरी आन्दोलनको नाममा माओवादीले गरे, त्यसका लागि यिनीहरूलाई राष्ट्रिय अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दायर गरी यथोचित सजाय दिनैपर्छ। यी साँचो अर्थमा माओवादी हुन्थे भने माओले जस्तै रणनीति अख्तियार गर्दै जनसेनाकै बलमा देशमा जनगणतन्त्र ल्याउँथे होला।

दोस्रो दिल्ली सम्झौता गरी जसरी यिनीहरू आफूलाई भारतको गुलाम साबित गर्दै संसदीय भासमा जाकिन आई सत्ता, पदलोलुपता, राष्ट्रघात अनि असक्षमताका पात्र बन्न पुगे, त्यस अपराधका लागि पनि यिनीहरू दण्डनीय छन्। संसदीय भासमा तत्कालीन एकता केन्द्र बहुदलीय व्यवस्थामा सामेलै थियो अनि किन सुरु गरियो जनयुद्ध नामक हिंसात्मक आन्दोलन ? राजतन्त्र ढालेर ठुलो उपलब्धि भएको ठान्नेहरूले राष्ट्रवाद र जनजीविकाको सवालमा आफूलाई किन चुकाए ? के जनयुद्ध नेपालमा भारत कम्फर्ट सरकार बनाउनका लागि मात्रै गरिएको थियो त ? यही प्रश्नको जवाफ खोज्ने क्रममा राजतन्त्र पुनः व्युँतिने अवस्थामा आइसक्यो र ब्युँतियो भने त्यसको दोष माओवादी र यिनीहरूलाई काँधमा बोक्ने कांग्रेस र एमालेले समेत लिनुपर्छ, जनताले छाडनेवाला छैनन्।

माओवादीहरूले माओको नाम भजाएर जनताप्रति धोकाधडी गरेजस्तै एमालेले मार्क्स र लेनिनको नाम भजाएर जनतालाई धोका दिइरहेको छ। यी एमाले भन्ने जन्तुहरू साँच्चैको मार्क्सवादी लेनिनवादी हुन्थे भने जसरी लेनिनले रसियाका राजा जारको संसद डुमालाई प्रयोग गरी त्यहाँ आफ्नो बहुमत सावित गरी जनगणतन्त्र स्थापना गरे, त्यसैगरी यी एमालेहरूले हिजो माओवादीसँग एकता गरी नेकपा (नेकपा) बनाइसकेपछि त्यसले संसदमा प्राप्त गरेको प्रचण्ड बहुमतलाई प्रयोग गरी संविधानलाई संसोधन गरेर जनगणतन्त्र स्थापना गर्थे होला। तर यिनीहरूले सो बहुमत जनगणतन्त्र स्थापना गर्न होइन, पार्टीलाई फुटाएर टुक्रा टुक्रा बनाउन प्रयोग

गर्दा देश राजनीतिक अस्थिरताको भुमरीमा मात्रै परेको छैन, संविधानले व्यवस्था गरेको संघीयतालाई देशको अर्थतन्त्रले कदापि धान्न नसक्ने अवस्था आइपुगेको प्रष्ट्याएको समेत छ। कखरा मात्रै जान्ने नेपाली जनताले समेत यो कुरा राम्रै बुझ्न थालेका छन्। यही कारण

राजा ज्ञानेन्द्र जुरमुराइरहेका छन्।

सर्वोच्च अदालत माओवादी नेता विरुद्ध परेको मुद्दामा सुनुवाई गर्न तयार भएको छ र अदालतले प्रचलित कानुनअनुसार फैसला गर्ने हो भने फौजदारी अपराधको कारण प्रचण्ड, बाबुराम अनि यिनीहरूका जत्थाहरू जेल जाने दिन देख्न अब धेरै धैर्य गर्नु नपर्ने अवस्था आएको छ। यही कारण माओवादीहरूको नीद हराम भएको यिनीहरूको अभिव्यक्तिले राम्रै छनक दिइरहेको छ। अदालतले यिनीहरूको पक्षमा फैसला नै गऱ्यो भने पनि अब सडक तात्ने र त्यसले कतै अदालतलाई पनि नछाड्ने त होइन भन्ने कुरा सुरु भएको आत्मदाह र आत्मघाती आक्रमणको शृंखलाहरूले समेत स्पष्टै गरेको छ। तसर्थ अब माओवादी र यिनीहरूका मतियारलाई कानुनी कारबाही गर्दा फरक पर्दैन। यिनीहरूको अब लिबियाका कर्णेल गद्याफीको हालत हुन बेर छैन। यसो भयो भने जनताले अदालतको जयजयकार गर्ने नै छन्।

सम्पादकीय

नैतिक संकटमा प्रधानमन्त्री

प्रधानमन्त्री प्रचण्डविरूद्ध फौजदारी अपराधको मुद्दा सर्वोच्च अदालतले स्वीकार गरेपछि सरकार र न्यायालयबीचको सम्बन्ध चिसिन सक्ने सम्भावना बढेको छ। बहालवाला प्रधानमन्त्रीविरूद्ध सर्वोच्च अदालतमा फौजदारी मुद्दा दर्ता हुनु आफैंमा आश्चर्यजनक घटना हो। संविधान र कानुनभन्दा प्रधानमन्त्री माथि हुन सक्दैनन् भन्ने कुरा यसले देखाएको छ। १ माघ ०७६ मा माघीका अवसरमा टुँडिखेलमा आयोजित कार्यक्रममा प्रचण्डले द्वन्द्वकालमा मारिएका पाँच हजारको मात्र आफूले जिम्मा लिने बताएका थिए। अधिवक्ता ज्ञानेन्द्रराज आरण, कल्याण बुढाथोकीलगायतले यही विषयलाई लिएर प्रचण्डमाथि फौजदारी अभियोगमा छानबिन र कारबाही हुनुपर्ने आदेश माग गर्दै सर्वोच्चमा रिट दिएका थिए। सर्वोच्च अदालत प्रशासनले राजनीतिक प्रकृतिको अभिव्यक्तिमा टेकेर पेस भएको निवेदन दर्ता हुन नसक्ने भन्दै दरपीठ (दर्ता नहुने) आदेश गरेको थियो। दरपिठ आदेशविरूद्ध निवेदनहरूले सर्वोच्च अदालतमा अर्को निवेदन दिएका थिए। न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरि फुयालको गत साताको इजलासले निवेदन दर्ता गर्न आदेश दिएको हो। सो आदेशअनुसार उनीहरूले मंगलबार निवेदन दर्ता गराएका छन्।

प्रचण्डको अभिव्यक्तिलाई लिएर सशस्त्र द्वन्द्वका पीडित पक्षले उनीमाथि कारबाहीमो माग गर्दै प्रहरी प्रधान कार्यालय, मानव अधिकार आयोग लगायतका निकायमा उजुरी दिएका थिए। उजुरीमाथि कारबाहीको अपेक्षा राखिएपछि प्रक्रिया अघि नबढाइएको भन्दै हिंसापीडितहरूले प्रक्रिया अघि बढाउन माग राखी सर्वोच्च अदालतमा निवेदन पेस गरेका थिए। उक्त निवेदनमा भनिएको छ– प्रचण्डको हकमा द्वन्द्वकाल ज्यादतीमा उनको 'कमाण्ड रेस्पोन्सिबिलिटी दर्शाउँछ।' जिउँदो व्यक्तिलाई 'यातना नदिइकन मार्नु' क्रुरतापूर्ण सर्कुलरलाई उदारताको अर्थमा बुझ्न मिल्दैन। माओवादीका सुप्रिम कमान्डर प्रचण्ड थिए भने 'सफायाको घोषणा गर्ने निकाय थियो बाबुराम भट्टराई नेतृत्वको 'जनसरकार' जसको फैसलाअनुसार निहत्था नागरिकको यातनासहित हत्या गरियो। निहत्था नागरिकको ज्यान जसरी पनि लिन सकिन्छ र शब्दजालबाट उन्मुक्ति प्रमाण माओवादीका लागि छुट हुन्न। व्यक्ति हत्यामा पीडितले माफी दिए माफी नहुने नजिर सम्मानित अदालतबाट स्थापित भइसकेको छ। हाम्रा अभिभावक एवं परिवारका सदस्य मारेको खुल्लमखुला अभिव्यक्ति दिँदै कानुनलाई चुनौती दिँदा पनि सम्बन्धित निकाय मौन बस्नु दण्डहीनताको पराकाष्ठ हो। यस्तो बयान सामान्य नागरिकले दिएको भए कालकोठरीमा पुग्नुपर्थ्यो। समातेर अनुसन्धान गरी जेल हालिन्थ्यो।

फौजदारी कसुरमा मुद्दा चलिरहेको व्यक्तिलाई सार्वजनिक पदमा रहिरहन नैतिक संकट पर्छ। सामान्य अवस्थामा यस्तो मुद्दा दर्ता हुनासाथ प्रधानमन्त्री प्रचण्डले राजीनामा दिनुपर्थ्यो, अन्यथा सडकमा नारा र जुलुस निस्कन्थ्यो। तर यो प्रकरण सरकार र माओवादीबीच बृहत शान्ति सम्झौतासँग जोडिएको मुद्दा हो। माओवादीले ०५२ देखि ०६२ सालसम्म जनयुद्धका नाममा गरेको सशस्त्र हिंसात्मक विद्रोहसँग सम्बन्धित मुद्दा हो यो। यस्ता मुद्दाको छिनोफानो सत्य निरूपण तथा मेलमिलाप आयोगको माध्यमबाट गर्ने कुरा सरकार र माओवादीबीच भएको बृहत शान्ति सम्झौतामा उल्लेख छ। बृहत शान्ति सम्झौता भएको १६ वर्ष बितिसकेको छ। माओवादी हिंसा पीडितहरूले न्याय पाएका छैनन्। बेपत्ता पारिएका र युद्धमा अंगभंग भएकाहरूको खोजी गर्न समेत माओवादी नेतृत्वले खासै चासो दिएको छैन। माओवादी नेतृत्व कथित जनयुद्धको ढोक्सा थाप्दै माछारूपी सत्ताको स्वादमा सधैं मख्ख छ। माओवादीकै अनिच्छाका कारण सत्य निरूपण तथा मेलमिलाप आयोग पंगु बनाइएको र द्वन्द्वकालीन मुद्दालाई टुंगोमा पुऱ्याउन कानुन निर्माणमा माओवादी नै बाधक रहेको आरोप पूर्व प्रम एवं एमाले अध्यक्ष केपी ओलीले लगाउनुले माओवादी नेतृत्वको गैरजिम्मेवारीलाई उजागर गरेको छ। माओवादीहरूले सर्वोच्चले मुद्दा दर्ता गर्न आदेश दिएलगत्तै न्यायालयलाई अधिकार मिचेको र प्रतिगमनको षड्यन्त्र भएको भनेका छन्। अदालतको मानहानीको मुद्दा पनि उनीहरूले झेल्नुपर्ने अवस्था आउन सक्छ। टुटेफुटेका माओवादीहरू एक हुने र प्रतिवाद गर्ने चेतावनी सुर्निदैछ। तर प्रतिवाद फेरि उही हिंसा नै हो कि ? जनमानसले प्रश्न गरिरहेका छन्।

कमरेड प्रचण्डको प्राथमिकता के हुनुपर्छ ?

सुदर्शन प्रधान

भयानक भेल उर्लिरहेको नदीमा डुंगा पसेर गन्तव्य पुग्नुअघि डुंगा ढलपल ढलपल हुन्छ भने त्यो खतराको संकेत हो, डुंगा पल्टन पनि सक्छ जुन कारणले डुंगाका मान्छेहरूको ज्यान र जीवन जान सक्छ। दुरुस्तै नेपालको वर्तमान राजनीति ढलपल ढलपल गरिरहेछ नदीको बीच धारमा। जुन अनिश्चयको संकेत हो। त्यो कसरी त भने गत मंसिर ४ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा नेकपा माओवादीहरू नेपाली कांग्रेस र नेकपा (एस) लगायत पाँच पार्टीहरू वामपन्थी लोकतान्त्रिक संयुक्त मोर्चा चुनावी तालमेल गरेर नेकपा (माओवादी केन्द्र) तेस्रो पार्टी बन्यो। तर पौष १३ मा सरकार बनाउने बेलाचाहिँ प्रतिनिधि सभाको ८४ सिटको दोस्रो दलसँग गठबन्धन गरेर नेकपा (माओवादी केन्द्र) को अध्यक्ष प्रचण्ड प्रधानमन्त्री बने। फेरि अहिले २५ फागुनमा राष्ट्रपति र उपराष्ट्रपति चुन्ने सवालमा एमालेसँग नेकपा (माओवादी केन्द्र) को भनौँ केपी शर्मा ओलीको मतसँग प्रचण्डको मत नमिल्नाले यी दुई पार्टीहरूबीच गम्भीर धाँजा फाँटेको छ जुन कुरा १० फागुनमा राष्ट्रपतिको मनोनयन गर्ने बेला स्पष्ट हुनेछ।

केपी शर्मा ओलीहरूको भनाइ छ, प्रधानमन्त्री नेकपा (माओवादी केन्द्र) लाई छाडेपछि राष्ट्रपति आफूले पाउनुपर्ने समझदारी पालना हुनुपऱ्यो। प्रचण्डहरूको मत छ राष्ट्रपति राष्ट्रिय सहमतिमा चुन्नुपऱ्यो।

आज राष्ट्र र जनताको मूल सवाल र समस्याहरू के के हुन् ? भन्ने विषयमा ध्यान केन्द्रित नभई आ-आफ्नो पार्टीगत र व्यक्तिगत स्वार्थ र सवालहरू प्राथमिकतामा परेपछि जिम्मेवार पार्टीका जिम्मेवार नेताहरू गैरजिम्मेवार व्यवहारहरू प्रदर्शन गर्छन्। शेरबहादुरलाई ज्योतिषीको आशीर्वाद पूरा गर्न सात पटक प्रधानमन्त्री हुनुपर्ने महत्वकांक्षा छ। गम्भीर विषयहरूमा गम्भीर अन्तरविरोध भएर पार्टी, केपी शर्मा ओली र विद्या भण्डारीको प्रतिगमन कदमविरुद्ध दुई दुई पटक जनआन्दोलन गरेको भर्खरको पाइला पनि नमेटिँदै उनै केपी शर्मा ओलीहरूसँग सरकार बनाउन प्रचण्डले सहारा लिनु, मूल वैशाखी टेक्नु, अनि उता केपी शर्मा ओलीचाहिँ प्रधानमन्त्री प्रचण्ड भए पनि आफू सर्वेसर्वा भएको दुनियाँलाई प्रदर्शन गर्नु र प्रचण्ड सरकारको मूल लगाम आफ्ना हातमा भएको दम्भ गर्नु भनेको देश र जनताको उज्ज्वल भविष्यको पथबाट दशकोस पर भाग्नु हो।

अयोग्य र असक्षम नेतृत्वहरू र अदूरदर्शी प्रवृत्ति प्रदर्शन गर्ने नायकहरू र तिनका पिछुवाहरूले नेपाल र नेपाली जनतालाई कुन स्तरको रछ्यानमा पुऱ्याउने हुन् ? गम्भीर सोचनीय सवाल रहेको छ।

कुर्सी, प्रतिष्ठा र पदको लागि सिद्धान्त र आदर्शलाई बलिदान दिन तयार यहाँ थुप्रै इतिहास बोकेका नेताहरू रहेछन् भनेर झलनाथ खनालको घटनाले पनि बताउँछ। गत स्थानीय र संसदीय निर्वाचन प्रचारप्रसारका क्रममा केपी शर्मा ओली नेतृत्वको एमाले सिद्धान्तहीन, आदर्शहीन, अन्धकारपथमा दौडिरहेको पार्टी भनेर हरेक दिन बोल्ने र भाषण गर्ने झलनाथ निर्वाचन परिणाम एमाले पक्षमा उच्च र आफ्नो पार्टी नेकपा (एकीकृत समाजवादी) को न्यूनतम

मुलुकलाई खाद्यान्न, ऊर्जा, इन्धनजस्तो महत्वपूर्ण कुराहरूमा पराधीन, र पराश्रित तुल्याउनु र देश र जनतालाई आर्थिक रूपले जर्जर पार्नुमा राज्यको नेतृत्व गर्ने राजनीतिक पार्टीहरू र यहाँको मेरूदण्डरूपी नोकरशाही वर्ग पूर्ण रूपले जिम्मेवार र जवाफदेही छ।

र पद पाएपछि हतास मनस्थिति बनाउँदै एमाले पार्टीमा मिल्न जानुको विकल्प छैन भन्नु अदूरदर्शिताको पराकाष्ठा हो जुन पार्टी र पार्टी नेतृत्वलाई तानाशाही, प्रतिगमनका बाहक, अन्धकार पथमा डोऱ्याउने भनेर आरोप लगाइन्छ, त्यही पार्टीमा विनाशुद्धिकरण र आत्मालोचना नगरी मिल्न जानुको विकल्प छैन भनेर भन्नु कुन स्तरको नैतिकता र वचनबद्धता हो ?

झलनाथ खनालमात्र हैनन् नेपाली कांग्रेसका शेरबहादुर देउवा, रामचन्द्र पौडेल, शेखर कोइराला, गगन थापा, एमालेका केपी शर्मा ओली, ईश्वर पोखरेल, सुवास नेम्वाङ, अष्टलक्ष्मी शाक्य, शंकर पोखरेल, पृथ्वी सुब्बा, नेकपा (माओवादी केन्द्र) का देव गुरुङ र बाबुराम भट्टराईलगायत थुप्रै नेताहरूका बोली, व्यवहार र क्रियाकलापहरू विश्वासयोग्य र भरोसा लाग्दा छैनन्। को, कतातिर र कतिखेर फर्कन्छन् र के गर्छन् ? अनुमान नै गर्न सकिन्न। राष्ट्रका जिम्मेवार पार्टीहरू र ती पार्टीका महत्वपूर्ण हस्तीहरूको प्रवृत्ति ढलमल-ढलमल, ढुलमुल-ढुलमुल हुनु भनेको सिङ्गो राष्ट्रको हविगत पनि त्यस्तै हुनु हो, भेल उर्लिरहेको नदी बीचमा ढलमलाइरहेको डुंगाझैं।

आज देश र जनताको मूल सवाल र समस्याहरू के के हुन् भनेर प्रश्न गर्ने हो भने निम्न कुराहरू स्पष्ट भन्न सकिन्छ जुन कुराहरूमा पार्टीहरू र व्यक्तित्वहरू लाग्नुपर्छ।

प्रथम : खाद्यान्न उत्पादन गर्न र राष्ट्र खानाजस्तो महत्वपूर्ण कुरामा आत्मनिर्भर हुन हरेक किसानहरूलाई र कृषिफर्महरूलाई १ बिघादेखि १० बिघासम्म जग्गा-जमिनहरू उपलब्ध गराउनु पर्छ जग्गा बाँझो नराख्ने शर्तमा। अनि उक्त किसानलाई बिउ, मल, प्रविधि, प्रशिक्षण, आवश्यक कुराहरू उपलब्ध गराउनु पर्छ। साथै उत्पादित वस्तुहरू राज्यले सिधै त्यही दाम गनेर उठाउनु पर्छ र सहर बम्परका टोल टोलमा डिपोहरूमा झार्नुपर्छ। तब विचौलिया प्रथा अन्त हुन्छ र किसान साथै उपभोक्ताहरूलाई ठूलो राहत पुग्छ। स्मरण रहोस् आज कृषिप्रधान मानिएको देश नेपालले वार्षिक झण्डै ३०० अरबभन्दा बेसी चामल, मैदा, माछा, खसी बोका, राँगा-भैंसी, तरकारी, फलफूल, मसला इत्यादि आयात गरिरहेछ।

यहाँका शासकवर्गहरूको गलत भूमिनीति मात्र हैन कमिसनको लागि विदेशी खाद्यान्न आयातमा तिनको प्रोत्साहन हुन्छ र नेपाली किसानहरूलाई दुरुत्साहन। पार्टी नेतृत्वहरू नीतिनिर्माता र नोकरशाहहरू त्यसमा जवाफदेही छन्।

द्वितीय : नेपालमा झण्डै ४० लाख गाडी वाहन छन्। त्यसमा १५ लाख बस, ट्रक र साना गाडीहरू र २५ लाख दुईपाइग्रे मोटरबाइक, स्कुटरहरू छन्। यी गाडी बाहनले प्रतिदिन औसत २.५२ पेट्रोलियम प्रयोग गर्छन् जुन दैनिक १ करोड लिटर हो जसको वार्षिक मूल्य ५४८ अरब हुन आउँछ। नयाँ गाडी बाहन र तिनका पार्टपूर्जाहरूमा पनि वार्षिक खरबौं लगानी हुन्छ।

६० लाखभन्दा धेरै नेपाली श्रमिकहरू खाडी र मलेसियामा रगत, पसिना र आँसु बगाएर वार्षिक ८.२० खरब पठाउँछन् तर नेपालको अर्थतन्त्र नै डामाडोल हुने गम्भीर वायु प्रदूषण हुने, हरितगृह प्रभाव बढ्ने र दुर्घटनामा हजारौं मृत्यु हुने यो दुश्चक्रलाई तोड्न सकिन्न। हामीसँग प्रचुर विद्युत उत्पादन हुनसक्छ। ७७ जिल्लाहरू हरेक सहर बजारहरूमा विद्युतबाट चल्ने बस ट्रकहरू चलाउने नीतिले वार्षिक खरबौं रूपैयाँ बाहिर जाने कुरा रोकिने छ। यो क्रमशःगर्न सकिन्छ।

तृतीय : नेपालमा वार्षिक ३६.५ अरबको खाना पकाउने एलपी ग्यास भारतबाट आयात हुन्छ। काठमाडौं, पोखराजस्ता शहरहरूमा शतप्रतिशत र गाउँगाउँमा पनि ग्यास सिलिण्डर पुगिरहेछन्। भारतले नाकाबन्दी गरे नेपालका सहर बजारको चुलो तात्दैन र भोकै बस्नुपर्ने अवस्था आउने छ। यसको विकल्पका लागि नेपाली जनतालाई न्यून मूल्यमा विद्युत उपलब्ध गराउने नीति अपनाउनु पर्छ, जनतालाई व्यापक प्रोत्साहन गर्नुपर्छ।

मुलुकलाई खाद्यान्न, ऊर्जा, इन्धनजस्तो महत्वपूर्ण कुराहरूमा पराधीन, र पराश्रित तुल्याउनु र देश र जनतालाई आर्थिक रूपले जर्जर पार्नुमा राज्यको नेतृत्व गर्ने राजनीतिक पार्टीहरू र यहाँको मेरुदण्डरूपी नोकरशाही वर्ग पूर्ण रूपले जिम्मेवार र जवाफदेही छ।

नेपालमा कुनै देशभक्त र जनताप्रति माया हुने कुनै पनि पार्टी नेताहरूले माथिका सवाललाई आधारभूत विषय (Bottom line) मानेर क्रियाशील हुनुपर्छ। कमरेड प्रचण्डको लागि यो एक ऐतिहासिक अवसर हो कि माथिका सवालहरूमा सहयोग र समर्थन जनाउने पार्टीहरूसँग मिलेर राज्यको नेतृत्व गर्ने अवधारणा बनाउनुपर्छ, अरु कुराहरू भनेका गौण विषयहरू हुन्। कमरेड प्रचण्ड र अन्य कुनै पार्टीहरूले त्यस्तो कदम चाल्दैनन् भने तिनलाई चुनौती दिँदै मैदानमा पछ्यार्ने आँट र हिम्मत लिएर जो रणभूमिमा उत्रन्छ, नेपाली आम जनताले ढिलो छिटो तिनैलाई साथ दिनेछन्। आजका बादशाहहरू घोडाबाट अवश्य नै खस्नेछ र भुइँको धुलो चाट्ने छ।

नेपाली जनतालाई २५ फागुनमा हुन गइरहेको राष्ट्रपतिको पद ठूलो होइन, रामचन्द्र पौडेल, अष्टलक्ष्मी शाक्य, डा. बाबुराम, झलनाथ खनाल जो आए पनि आम नेपाली जनतालाई आफ्नो दैनिकी सुविस्तापूर्ण हुनपऱ्यो। वर्तमानझैं जताततै लुटपाटपूर्ण र कष्टकर जीवन होइन। नेपाल भन्ने देश हरेक कुराहरूमा आत्मनिर्भर बन्नुपऱ्यो, पराधीन र पराश्रित होइन। देशको नेतृत्व गर्नेहरू अक्षरस देशभक्त हुनुपऱ्यो। भारतको बुइँ चढेर सिंहदरबार र शितलनिवासमा आरोहण गर्ने इरादा लिनु भएन।

स्मरण रहोस्, एमालेका नेता केपी शर्मा ओलीले पछिल्लो पटक माधवकुमार नेपाललाई राष्ट्रपति बनाउन आश्वासन दिइरहेछन्। यसमा माधवकुमार नेपाल सकारात्मकझैं देखिन्छन्। दुई दुई पटक संसद विघटन गरी मुलुकलाई झण्डै गृहयुद्धको मैदानमा लगेको, पार्टीको मनोमानी, तानाशाह र अराजक रुपले नेतृत्व गरेको लगायत कैयौं स्वेच्छाचारी र निकृष्ट बोली व्यवहार गरेको केपी शर्मा ओलीका गलत र घातक प्रवृत्तिलाई बिर्सेर माधवकुमार नेपाल राष्ट्रपति बन्ने इच्छा बोक्छन् भने त्यो आत्मघाती कदम हुनेछ। त्यसको मार र भार देशले बोक्नु पर्नेछ।

हाम्रो सामाजिक सक्रियता

दिक्तेल समाज काठमाडौं तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

सुरेन्द्र ढकाल

खोटाङ जिल्ला, दिक्तेल बजार र सो आसपासभित्र स्थायी बसोबास भई हाल काठमाडौं उपत्यकामा अस्थायीट तथा स्थायी रुपमा बसोवास गरिआएका व्यक्ति तथा परिवारहरूबीच आपसी सहयोग एवं सद्भावको अभिवृद्धि गरी त्यस्ता व्यक्ति तथा परिवारमा पर्न सक्ने सामाजिक, प्राकृतिक तथा आकस्मिक घटनाबाट पीडितहरूलाई राहत पुऱ्याउने तथा दिक्तेल बजारमा परम्परादेखि स्थापित संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा २०६७।४।२१ मा यो दिक्तेल समाज काठमाडौं दर्ता भएको हो । हुन त सोभन्दा अगाडि पनि दिक्तेल बजारबाट काठमाडौंमा बसोवास गर्नेहरूका बीचमा विभिन्न रुपमा सामाजिक, सांस्कृतिक कार्यक्रमहरू गर्दै आइरहेको थियो ।

यसरी विभिन्न रुपमा गरिएको कार्यभन्दा संगठित रुपमा गरिएको कार्य परिणाममुखी एवं सरकारी तवरबाट समेत मान्यता हुने भएकोले दिक्तेल बजारबाट काठमाडौंमा आई बसोवास गर्ने व्यक्तिहरूका बीचमा व्यापक छलफल गरी दिक्तेल समाज काठमाडौंको स्थापना भएको हो ।

संस्थालाई अझ व्यवस्थित रुपमा संचालन गर्नको लागि कार्यालय भवनको आवश्यकता महसुस भएको हुँदा दिक्तेल बजारमा स्थायी घर भई हाल बानेश्वर काठमाडौंमा बस्नु हुने टंकबहादुर श्रेष्ठले दिक्तेल समाज काठमाडौंका लागि काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित घट्टेकुलोमा निःशुल्क जग्गा उपलब्ध गराइदिनुभएको हुँदा उक्त जग्गामा दिक्तेल समाजका सदस्यहरू, आजीवन सदस्यहरू, तत्कालिन प्रतिनिधिसभा सदस्य कृष्णा अमात्य, प्रतिनिधिसभा सदस्य प्रकाशमान सिंह र बागमती प्रदेशसभा सदस्य दिपेन्द्र श्रेष्ठको संयुक्त पहलबाट स्थानीय विकास साझेदारी कार्यक्रमअन्तर्गत आर्थिक सहयोगबाट सुरुमा १ तला मात्र निर्माण भएकोमा हाल ५ तलाको भवन तयार भएको छ ।

प्रत्येक २।२ वर्षमा दिक्तेल समाज काठमाडौंको कार्य समितिको नयाँ सञ्चालक समितिको चयन हुने गरेको छ । हालसम्म यस संस्थामा ११६ जना आजीवन सदस्यहरू आवद्ध हुनुभएको छ । यस संस्थामा संरक्षक टंकबहादुर श्रेष्ठ, सल्लाहकारहरूमा प्रतिनिधिसभा सदस्य सरस्वती बजिमय, पूर्णबहादुर श्रेष्ठ, नरेशकुमार श्रेष्ठ, दुर्गाप्रसाद जोशी, ध्रुवकुमार बजिमय, युवराज जोशी, युवराज बजिमय र नवराज सैंजू हुनुहुन्छ । अध्यक्ष ढाकमकुमार श्रेष्ठ, उपाध्यक्ष मिना के.सी., महासचिव रोशनकुमार बजिमय, कोषाध्यक्ष रुद्रकुमार जोशी र सदस्यहरू इन्द्रकुमार सैंजू, रविन्द्रकुमार सैंजू, दलबहादुर बजिमय, हिमाली श्रेष्ठ प्रधान, सन्तोष जोशी गरी ९ जनाको कार्यसमिति रहेको छ ।

त्यसैगरी यस संस्थाले गरेको सामाजिक कार्यमा संस्थाका सदस्यहरूको परिवार तथा सहयोगीहरूको परिवारका कसैको मृत्यु भएमा यस समाजका सदस्यहरू मलामी जाने, मृतकको किरिया बसेको स्थलमा पुगी श्रद्धाञ्जली एवं समवेदना व्यक्त गर्ने र सरौं वापत आर्थिक सहयोग गर्ने गरेको छ ।

दिक्तेल बजारमा देखाउँदै आएको लाखेजात्रालाई काठमाडौंमा पनि देखाई परम्पराको रुपमा रहेको जात्रालाई लोप हुनबाट जोगाउने उद्देश्यले यस संस्थाले दिक्तेल बजारको लाखेजात्रालाई काठमाडौं उपत्यकाको विभिन्न स्थानमा देखाउँदै आइरहेको छ । उक्त जात्रालाई यस संस्थाले निरन्तर रुपमा देखाउने योजना रहेको छ ।

यस समाजका सदस्यहरूको आपसी सम्बन्धलाई प्रगाढ गर्नका लागि बेलाबेलामा भेला, पिकनिकजस्ता सामाजिक कार्यहरू गर्दै आइरहेको छ । यीबाहेक पनि धेरै सामाजिक कार्यहरू गर्ने मनसाय यस समाजले राखे पनि विस्तारै आर्थिक रुपमा आफूलाई सवल बनाउँदै सामाजिक कार्यहरूलाई निरन्तरता दिने योजना यस समाजको रहेको छ ।

दिक्तेल समाज काठमाडौंबाट गरिएका सामाजिक एवं सांस्कृतिक कार्यक्रमहरू यसका सदस्यहरू, सहयोगीहरूको साथ सहयोगबाट नै सम्पन्न हुँदै आएका छन । आउँदा दिनहरूमा समेत यस समाजले निरन्तर सहयोगको अपेक्षा राखेका छौं ।

संस्थाको उद्देश्यलाई अझ साकार पार्नको लागि मिति २०७९।७।४ गतेका दिन सुरेन्द्र ढकाल प्रतिष्ठानसँग आवद्ध भई सहकार्य गर्न आपसी सहयोगको आदानप्रदान गर्ने सहमती भई यस संस्था र सुरेन्द्र ढकाल प्रतिष्ठानमा आवद्धताको प्रमाणपत्र समेत पाइसकेको छ ।

उक्त प्रतिष्ठानबाट यस संस्थाको उद्देश्य अनुरुपको कार्य गर्नको लागि रु. १,००,०००। सहयोग प्राप्त भएको छ । भविष्यमा समेत यसरी नै यस संस्थालाई आर्थिक सहयोग उपलब्ध गराउने प्रतिवद्धता व्यक्त भएकोमा यस संस्थाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

दिक्तेल समाज काठमाडौंले सुरेन्द्र ढकाल प्रतिष्ठानसँगको सहकार्यमा आगामी दिनहरूमा सामाजिक, सास्कृतिक क्षेत्रमा गरिएको उल्लेखित कार्यहरूलाई निरन्तरता दिइनेछ भने गरिब तथा निमुखा जनताहरूलाई स्वास्थ्य र शिक्षाको लागि सहयोग गर्ने पहल गरेका छौं । यस अन्तर्गत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पहल गरिने र सामुदायिक विद्यालयलाई आर्थिक सहयोग उपलब्ध गराइने लक्ष्य लिएका छौं ।

अन्त्यमा यस दिक्तेल समाज काठमाडौंले सामाजिक र सांस्कृतिक कार्यहरू गरी अगाडि बढिरहेकोमा अझ व्यवस्थित रुपमा यस कार्यहरूलाई अगाडि बढाइने छ भने गरिब तथा निमुखाहरूको लागि स्वास्थ्य र शिक्षाको क्षेत्रमा समेत यस संस्थाले आगामी दिनहरूमा निरन्तर सहयोग गर्ने उद्देश्य रहेको छ ।

पूर्वका चर्चित महिला गायक

पूर्वी नेपालको झापाबाट उदाएका गायिकाहरू अस्मिता अधिकारी, रचना रिमाल, एलिना चौहान र प्रविशा अधिकारी पछिल्लो समय तन्नेरी पुस्तामाझ निकै लोकप्रिय बनेका छन् ।

गायिका एलिना चौहानको यो गीत यतिबेला तन्नेरी पुस्तामाझ लोकप्रियताको चरमचुलीमा छ। छोटो समयमा एलिनाले बनाएको सांगीतिक उचाइ भने निकै ईर्ष्यालाग्दो छ। खासमा उनलाई चिनाउने पहिलो गीत 'फाटेको जुत्ता...' हो। तर, भाइरल भएको गीत चैं कालीप्रसाद बाँस्कोटाको 'इन्स्टाको फोटो...' हो। उनले कभर गरेपछि यो गीत श्रोताका मुखमुखमा झुन्डिन थाल्यो। 'बरी लै' गीतको कभर त 'ओरिजिनल' गीतभन्दा बढीले मन पराए। करिब तीन सयभन्दा बढी गीत गाइसकेकी एलिनाका पानी 'पानी पँधेरो', 'मिनिरल वाटर', 'बेहुलो बनेर', 'छेकेर माया छेकिन्न', 'मेरो परान', 'मेरो बाबा भगवान', 'आयौं चेली', 'डल्ली', 'घरको छतमा', 'कहिले माया देखायौ' लगायतका गीत टिकटक र सामाजिक सञ्जालमा 'भाइरल' छन् ।

झापा, भद्रपुरकी रचना रिमालको सांगीतिक करिअरको सुरुआत बडो रोचक छ। 'फोटो फिरिममा', 'मिनरल वाटर', 'पहिलो पल्ट भेट हुँदा', 'सुनन पियारी' जस्ता थुप्रै 'भाइरल' गीतकी यी सर्जकको लोकप्रियता पनि लोभलाग्दो छ। रचनाको सांगीतिक यात्रा त्यति लामो छैन। पुगनपुग तीन वर्षभित्रै रचनाले चर्चाको शिखर चुमिन्। यी गायिकाको 'उनको प्रीति', 'रुमाल चिनो', 'पानी मीठो धाराको', 'कोसँग बोलुँ मनको', 'एक चिम्टी सिन्दुर', 'नरौ नरौ नीरमाया', 'काफल गेडी कुटुक्कै', 'तिमी बिना', 'मेरो माया हार हैन', 'रित्तो मझेरी' जस्ता गीत चर्चित छन्।

करिब डेढ दशकदेखि नेपाली गायन क्षेत्रमा सक्रिय प्रविशा झापाको राजगढमा जन्मिएकी हुन्। ए मेरो हजुर ३ को जिन्दगी नै भन्दिन, चिट डे, तिमीबाहेक, माया, चलचित्र निगरानीको तिम्रै निगरानी, बाटो छेकी अँगालोभरि, १६ वर्षे उमेरमा, नौलो नौलो, मायालुको गाउँमा, काफल पाक्यो भन्छ जस्ता सय बढी हिट गीतकी यी गायिका भ्वाइस अफ नेपालकी कोच पनि हुन्। प्रविशा निकट भविष्यमा हुन लागेको 'भ्वाइस अफ नेपाल किड्स' को कोचका रूपमा पनि आवद्ध भएकी छन्।

'नेपाल आइडल सिजन-२' अघि अस्मिता अधिकारी पारिवारिक सदस्य र साथीसंगीले मात्रै चिन्थे। जब आइडलमा उनले दमदार प्रस्तुति दिन थालिन् तब अस्मिताको चिनारी देशव्यापी बन्यो। यिनको गायकीप्रति सिंगो देशको नजर सोझियो। 'तिम्रो मायाले बाँधेर राख' उनको डेव्यु गीत हो। यो गीत निकै हिट भयो। साथै अस्मिताको परिचयमा कोसेढुंगा बन्यो।

'साली मनपऱ्यो', 'आँखामा बसाउँ मलाई', 'लज्जावती झार', 'माया गरौंला', 'बाबरी रंगमा' जस्ता हिट गीतकी अस्मिताको पनि भजनबाटै गायनप्रति झुकाव भएको हो। यसै वर्ष प्रतिष्ठित छिन्नलता प्रतिभा पुरस्कार पाएपछि गायनमा थप ऊर्जा मिलेको उनी बताउँछिन्।

कथा

आस्था

लक्ष्मी उप्रेती

कुनै पनि कार्यक्रममा सहभागी नभएको छ महिना नै भइसकेछ । यो छ महिना तिक्तता बोधका साथ छटपटाउँदै बिताएँ । बर्सौंदेखिका कहालीलाग्दा यी पल आँसुको आहालमा डुबिरहे डुबिरहे ।

थाहा छैन समय किन लम्बिन्छ, वियोगमा उराठिलो पहाड बनेर, अनि किन उम्कन्छ पलभरको तृष्णा बनी मिलनमा ? कि यो गति भ्रान्ति मात्र भएको हो मलाई ?

टाँगिन्छ समय स्मृतिमा थपक्क आँखामा चलचित्रको दृश्यांश बनेर । आँसु दबदबाउँछ रसाउँदै परेली ।

हरे दुःखै दुखको पहाड उभिएको छ आफू अगाडि । थाकेर पनि भारी बोकेर चढ्नु पर्ने बाध्यता छ ।

अबको मेरो जीवन यात्राको गति कस्तो हुने हो ? यो दुःखको भुङ्ग्राबाट म उम्कन सकुँला या विचलित बनेर कहीँ.....।

आशाको बाँध नै भत्किएर छताछुल्ल बगेको मन कसरी सम्हाल्नु नि अब मैले

जीवन कस्तो मिथ्या रहेछ । निर्मल, तिमी बिनाको जीवन बिपना हो तर सपना भए कति राम्रो हुन्थ्यो । कहिले कहीँ त मनमा नराम्रा नराम्रा सोच मात्र आउँछन् अनि जीवनदेखि थाकेर हैरान हुन्छु । यहाँ सम्म की मृत्युलाई .....। तर झट्ट सम्झन्छु । तिम्रो वियोगले छटपटाएका हाम्रा छोराछोरीको अवस्था म पनि नरहँदा कस्तो हुन्छ होला जस्तो लाग्छ र सम्हालिन्छु । त्यसैले जीवन जान्न अब दुःखहरूसँग नै प्रेम गरेर छोराछोरीको साथमा मैले बाँच्नुपर्छ भन्ने निर्णयमा पुग्छु र मृत्युबाट उम्कन्छु ।

निर्मल तिमीसँग २३ सँगै बाँचे । तर यो २३ वर्षको तिम्रो साथको स्मृतिले जीवनका बाँकी उमेरहरू जिउने आधारहरू अटाएकी छु आफूभरि ।

प्रिय निर्मल यसबेला तिमी मसँग छैनौ । म एक्लो छु, तर अतीतका स्मृति नै तिमीसँग हुनुको मीठो प्राप्तिको आभास हो । म त्यही प्राप्तिलाई माया गर्दै छोराछोरीलाई सक्षम बनाउने प्रयास गर्छु ।

तिमी भन्ने गर्थ्यौ "आस्था हरेक कर्मयोगी मानिसको प्रगतिको मुख्य कुरा व्यक्तित्व हो, अनि मात्र अरू कुराहरूको लेखाजोखा हुन्छ । त्यसैले तिमी जहिले र जुनसुकै अवस्थामा पनि व्यक्तित्व झल्कने पहिरन र सिँगारमा ध्यान दिई, आफू स्मार्ट हुनु है । जसले गर्दा तिमी जहिले पनि छुट्टै पहिचानका साथ अघि बढ्न सक्छयौ ।"

बारम्बार मसँग भन्ने गरेका यी तिम्रा वाक्यहरू आफ्नो आयु थाहा पाएर नै तिमीले भनेका हौ की जस्तो लाग्न थाल्यो यसबेला मलाई । तर तिमीले भने जस्तो सजिलो कहाँ हुँदो रहेछ र ? तिम्रो वियोगको वेदनाले मानसिक रूपमा म विक्षिप्त भएकी छु । त्यसमा पनि सादा पहिरन र उदासीन अनुहारमा मलाई देखेर छोराछोरी झन् आहत हुन्छन् । अस्ति बैंङ्क गएको बेला "आमा, तपाईंको सिँगारयुक्त व्यक्तित्वमा बाबा खुसी हुनुहुन्थ्यो । अब हाम्रा खुसीका लागि भएपनि उज्यालो पहिरन र टिका चुरा लगाउँने गर्नु है, जस्ले गर्दा बाबाको आत्मा पनि रमाउँछ ।" आँखाभरि आँसु छचल्काउँदै उनीहरूले भनेका कुरा सम्झिएर यसबेला म धर्मसङ्कटमा छु ।

एकातिर समाज छ, अर्कातिर मेरा सन्तानको खुसी छ । म के गरौं । दोधारमा रन्थनिँदै दराज खोल्छु । मिलाएर राखेका लुगामध्ये पहेँलो भुइँमा रातो फूलबुट्टा भएको उज्यालो साडीमा आँखा पर्छ । त्यो साडी निर्मलले दश महिना अगाडि मेरो जन्मदिनमा किन्दिएको अन्तिम चिनो हो । हातले छाम्छु, त्यो साडीमा निर्मलको न्यानो स्पर्श अनुभूत हुन्छ । झिक्छु दराजबाट । ड्रेसिङ टेबल अगाडि उभिएर त्यो साडीको सप्को काँधमा हाल्छु । अहा १ कस्तो सुहाएको, त्यसक्षण आफ्नो विधवाको अवस्था बिर्सन्छु । सत्य बिर्सन्छु र त्यस्को पेटीकोट र चोलो पनि झिकेर त्यो साडी लगाउँछु । अनि ड्रेसिङ टेबल अगाडि बस्छु । अनुहारमा हल्का मेकअप गर्छु । कलेजी टिका लगाउँछु । ओठमा हल्का लिपिस्टिक लगाउँछु । अनि कपाल कोर्न थाल्छु । छोरी झट्ट कोठामा पस्छे, मलाई हेरेर निःशब्द भई मुख हातले छोप्छे । त्यसबेला म झस्कछु र आफ्नो अवस्थामा फर्कन्छु अनि आत्तिँदै लगाएको टिका झिक्न निधारतिर लान खोज्छु, तर छोरीले मेरो हात च्याप्प समातेर मुस्कुराँउदै टाउको हल्लाउँछे । त्यसबेला उसको हात मेरो हातबाट अलग्याउने सामर्थ्य ममा हुनै सकेन । आमाले झैँ ममतामयी भएर मेरो पिठ्युँमा उसको अर्को हातले सुमसुम्याउँदै मृदुल मुस्कानसँगै "तपाईं अब यसरी नै बस्नुहोस् ल आमा, हाम्रो खुसी र बाबाको आत्माको शान्तिका लागि" अवरुद्ध आवाज निकालेर घुक घुक्क रुँदै मलाई पनि रुवाउँछे ।

कोठा भित्रको शून्यतामा हामी आमा छोरीका पीडाजन्य वेदनाबाट निस्किएको आँसुको भेल बगेर जाँदा केही हलुको हुन्छ मनमा ।

एकछिन् पछि उस्को मायालु ओठले मेरा गालामा न्यानो स्पर्श गर्दै "आमा तपाईं ठिक पर्दै गर्नु, म छिटै चिया लिएर आउँछु अनि म पनि तपाईंसँग जान ठिक पर्छु ।" भावुकतामा बहकिएर रून्चे हाँसोमा छोरी कोठाबाट बाहिरिन्छे ।

भुर्र भुर्र उड्दै चिरबिर चिरबिर गरिरहेका चराहरूको आवाजलाई सडकमा गुडिरहेका गाडीको हर्नले उछिन्छ । बेथितिसँग ओहोरदोहोर गर्ने कुकुरका भुकाइसँग मिसिएर कवाडी सङ्कलन गर्ने भारतीय मूलका हिन्दी भाषीहरूको "प्लास्टिक, फलाम, टिन भन्दै कराएको चर्को आवाज झिजो लाग्ने गरी कानैमा ठोकिन्छ । यो झर्को लाग्दो वातावरणलाई सङ्गीतमय बनाउँदै भित्तामा झुन्डिएको घडीले बार बजेको साङ्केतिक धुन गुन्जाएर एकछिन् भएपनि कोठा भित्रको परिवेशमा सचेतता थप्छ ।

आज एउटा कार्यक्रममा प्रमुख अतिथि भएर जानु पर्ने मेरो बाध्यता छ । यो स्वरूप बदल्न पनि मन छैन । यस्तो स्वरूपमा जान पनि असजिलो लागिरहेछ । के गरौं, कसो गरौं भनेर सोच्दा सोच्दै अचानक अञ्जलीलाई सम्झँ । यत्रो दिनपछि मेरो मानस पटलमा ताजैं भएर उपस्थित हुने अञ्जली नर्स हो । ऊ ३५ वर्ष नपुग्दै उसका श्रीमान्को मृत्यु भयो । एउटी छोरीकी आमा अञ्जलीले श्रीमान्को तेह्र दिनको काम सकेको भोलिपल्ट नै रङ्गीन लुगा र टिका, चुरा सहितको हल्का मेकअपमा आफ्नो डयूटीमा निस्केर हामी सबैलाई चकित पारेकी थिइन् । त्यस्तै सम्झँश्रीमान् खसेको वर्षदिन पछि अञ्जलीको प्रभावले हो वा किन हो उपहास सहेर पनि सेतो पहिरन त्यागेर उज्यालिएकी पल्लो घरकी प्रमिला भाउजूलाई । त्यस्तै समाज परिवर्तनका लागि भनेर अभियान नै चलाउने विभिन्न सङ्घ सस्थाहरूले जनआन्दोलनमा मारिएका सहिदका विधवाहरूलाई सामूहिक रूपमा रातो पहिरन, चुरा, टिका लगाइदिएर समाजसँग नै चुनौती लिएको घटनाको स्मृति दृश्य चलचित्रको रिल घुमे झैँ आँखाको पर्दामा बग्न थाल्यो सलल ।

ड्रेसिङ टेबलको ठूलो ऐना अगाडि आँखा छोपेर बसेकी छु । ती स्मृति दृश्यहरू जीवनलाई तरङ्गित पार्दै मनको आँखी झ्यालबाट बग्दै छन् ।

"म के गरौं ? निर्मल, तिमी नै भनन । छोरीले भने झैँ यदि तिम्रो आत्माले शान्ति पाउँछ भने छोरा छोरी मेरा साथमा छन् । यति भए समाजसँग लड्ने प्रबल शक्ति ममा भै हाल्छ ।" मनका यी भावहरूमा बहकिँदै बरबराएछु थाहै नपाई । चिया लिएर आएकी छोरीले नबोली टेबलमा चिया राखेर मायालु हातले स्पर्श गर्दा एकैचोटि सबै बिर्सिएर झस्कदै आँखा खोल्छु ।

आमा, हरक्षण तपाईंका साथमा हुन्छौ हामी भन्दै छोरी मसँग टाँसिन्छे । त्यसक्षण पिलिक्क गर्छ क्यामराको बत्ती । आमा छोरी क्यामराको स्क्रिनमा कैद हुन्छौं, छोराको रहरमा । फेरि आमा छोरालाई कैद गर्छे छोरीले भाइबाट क्यामरा लिएर, अनि टाँसिन्छन् दुवै ममा लीन हुँलाझैँ गरेर । उनीहरू लाडिन्छन् दुधे बालक झैँ भएर । यसक्षण बिर्सिन्छु मेरो दुःख, वेदना र भावुकता । सत्य बिर्सन्छु अतीत र भविष्य । मात्र छोरा र छोरीको मायाको सागरमा डुबुल्की मारेको मेरो यो सुन्दर वर्तमान छ मेरो मानसमा १

छोरी एम. बि.ए पढ्दै छे । छोरो आइ.ए.सी पढ्दै छ । अब उनीहरू मेरा छोरा छोरी मात्र हैनन् । मेरा साथी, मेरा अभिभावक, अनि मेरा सब सम्बन्धहरूमा सुन्दर अनुभूति दिन सक्ने सर्वश्व हुन् । मेरो वर्तमान उनीहरू, भविष्य उनीहरू, निर्मलसँगको सुन्दर अतीत आत्मसात् गर्दै मैले अठोट गरेँ, छोराछोरीको खुसीका लागि उदासीन अनुहार र सादा पोसाक त्याग्ने

दुईतिर अँगालोंमा टाँसिरहेका छोराछोरीलाई उठाउँछु बिस्तारै अनि मुस्कुराउँदै चिया पिउने इसारा गर्छु । तीनै जना चियाको ग्लास हातहातमा लिन्छौं ।

चिया पिउछौं खुसी हुँदै मुखामुख गरेर निःशब्द । कोठामा मौनता छाएको छ ।

यसक्षण छ्याङ्ग खुलेको नीलिमा हावामा मिसिएर शान्त, स्निग्ध र सुन्दर भएर आँखामा टाँगिएको छ । सूर्यको आभामा टल्किएका कपास फुलेको बैंसालु बादलका दृश्यावली । आकाशको काखमा आफ्नो अस्तित्व जमाउन उड्दै, मिसिँदै, टुक्रँदै, जोडिँदै छन् सफा सेता छायाँहरू । स्वतन्त्रतको सीमा नाध्दै कहिले एक्लै कहिले सामूहिक सौन्दर्य बाँडेर पक्षीहरू निर्दोष पखेटा फिजाउँदै उड्छन् निःशब्द नीलिमाको छायाँमा मडारिँदै लहरिँदै ।

अहा कति मिठो धुन जीवनको ? स्मृति, विस्मृति बिम्बहरू । बाहिर घामले रापिए पनि शनिवारको यो समयमा चहलपहल छ । सडकमा गाडीहरू गुडेका गुडै छन् । एक बजेको सङ्केत गर्छ भित्ताको घडीले टिङ्.....।

रित्तिएको ग्लास उठाएर अब, छिटै ठिक पर्नु आमा, म पनि तयार भइहाल्छु भन्दै कोठाबाट बाहिरिन्छे छोरी । "आमा, म पनि ठिक परिहाल्छु है, आज तपाईंको फोटो खिच्न जान्छु ।" यसो भन्दै कोठामा मलाई एक्लै पारेर छोरो पनि निस्कन्छ ।

उनीहरूको न्यानो मायामा पुलकित हुँदै निर्मललाई हृदयमा छचल्काउँदै स्वप्निल आँखामा जीवन स्मृति चित्र अब कहिले नलगाउने गरी पोतेको झुक्तो र सिन्दूरको बट्टा सुमसुम्याउँदै राख्छु ड्रेसिङ टेबलको भित्री तहमा, अनि सिँगारिन थाल्छु ।

एकैछिन्पछि ठिक परेका छोराछोरी उज्यालिँदै भित्र पस्छन् र अहा कस्तो सुहाएको आमालाई भन्दै एउटै आवाज निकाल्दै मलाई प्रोत्साहित गर्छन् ।

दिनको डेढ बजेको छ । कार्यक्रम २.०० बजेदेखि सुरु हुने । घामले तातो बाफ फ्याकेर नमीठो पारेको वातावरणमा हिँड्ने जागर त मरेको छँदैछ, त्यसमा भएन आफ्नो यस अवस्थाले सङ्कोच लागेको पनि छ । हामी ट्याक्सीमा गयौं कार्यक्रम स्थलतिर ।

ठिक समयमा कार्यक्रम कक्षमा पुग्छौं । ढोकाबाट भित्र पस्दापस्दै मेरो यस अवस्थालाई देख्नासाथ परिचित सहभागीहरू आश्चर्य चकित भएर मलाई हेर्न थाले ।

उनीहरूको त्यस्तो हेराइबाट केही असजिलो अनुभव गरेपनि सम्हालिँदै म उज्यालिने प्रयास गर्छु ।

कार्यक्रम सुरु हुन्छ । मञ्चमा आसीन भैसकेपछि अगाडि दीर्घामा रहेका सहभागीहरूतिर हेर्छु त कसैका शङ्कालु, कसैका रोषपूर्ण, कसैका उपहासको भाव र कसैका घृणित भाव मतिर तेर्सिए झैँ लाग्छ । यो देखेर थकित अस्तित्व मडारिँदै मेरा संवेदनाका समय शृङ्खलामा अटुट स्मृतिका बिम्ब थरथराउँछन् । पीडायुक्त मन फिक्का रङमा लतपतिँदै जीवन मुक्त क्षण हावासँगै छरिन्छ मबाट फुत्किएर । अनायासै आँखामा अटाएको चिसो छायाँ उद्दीप्त न्यानो बनेर छोराछोरीको अनुहारमा अनूदित हुन्छ । त्यसक्षण उद्विग्न मेरो अनुहार मेरो मन मष्तिस्क बिस्तारै बिस्तारै हल्का हल्का विवेकशील भावमा जागृत हुँदै जान्छ ।

छोरो फोटो खिच्दै छ रमाउँदै, अगाडि दीर्घामा बसेकी छोरीको उद्भासित अनुहारले मलाई शक्ति थपिदिन्छ । अचानक निर्मलको शान्ति र छोराछोरीको खुसीमा आफ्नो अस्तित्व प्रतिध्वनित हुन्छ मेरो मानसमा आफैंभित्र दृढ बनेर । त्यसपछि अगाडिबाट ममा खनिएका क्रोधपूर्ण दृष्टिहरू बिस्तारै बिस्तारै ओझेलिँदै ओझेलिँदै छाया झैँ भएर हराउँछन् । त्यसबेला मलाई लाग्छ "मेरा छोराछोरीको खुसीमा नै म संसार जित्छु । मेरा आधार नै यिनीहरू हुन् । यसमा अरूले जे जस्तो सोचून् मैले मतलब राख्नु हुँदैन ।

अनि मनमनै म दृढ हुन्छु र उज्यालिँदै सहभागीतिर हेर्छु । अब झन् प्रबल आत्माविश्वासका साथ हरेक पक्षबाट दयनीय नदेखिने अठोट मन्द गतिसँगै खिचेर जीवन प्राप्तिको अनुभव गर्दछु । अबको जीवन यसरी नै बाँच्ने स्वप्नाहरू सँगालेर अगाडि बढ्ने सङ्कल्प गर्छु । यसबेला बल्ल आफ्नो नाम आस्था रहेको सार्थक लाग्छ ।

कविता

पीडा र मरण

● लव शर्मा

म त उडेँ श्मशान घाटबाट
थाहा थिएन दिन
आठ-दश मिनेटकै समयमाझ
खाएछु मैले ऋण

जहाज खस्यो रे खोल्चाभित्र
जागेन मेरो तृण
सर्वांग मेरो इन्द्रियले नै
छोडेछ आफ्नैपन

लस भएछु म त,
आर्मी, प्रहरी आदि आदिले
के खाएको यस्तो प्रण
खोला छ छरपस्ट मासु छरिए
ओसार्नपर्ने ऋण

उडेर आएँ अर्कै पखेटा
उठेछ मेरो मन
अनि जागेर मात्र
एकपल्ट मात्र बोलाएँ मैले -भु जस्तै)
देशलाई सम्झी मन

जानु त पर्छ सबैले यस्तै
कसोरी होइन भन
म त उडेछु श्मशानबाट कसोरी होइन भन

बाल उपदेश रचना

■ सुशील आचार्य

साना बाबु नानीलाई मन पर्ने कुरा
सबै मिली बताईदिउँ एक एक गरि पुरा
राम्रो लुगा लगाउने मिठो मिठो खानेअनी
रमाईलो ठाउँमा घुम्न भनी
जानेबिद्यालय पढन जानु नियमित हेर
शिक्षक शिक्षिकाको पाठलाई बुझाउ अनीखेर
साथि संग मिल्दै खेल्नु स्कुल र घरमा
सधै अघि बढीरहु नबस्नु है डरमा
मौका आउँदा जुनसुकै कार्यक्रमको पनी
भाग लिई हाल्नु ल है साहसी नै बनी
जित हार जे त होला पिर नमान्नु नी
आत्म सन्तोष मान्नु है त सहभागी बनी
सानै उमेर देखी नानी बाबु बुझ कुरा
आफ्नो लक्ष्य सपनालाई गर्नुपर्छ पुरा
सधै अघि बढ्नलाई खोजी राख मौका
पक्कै आशिष दिईरहन्छन तिमीलाई देबी देउता ।

नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव उद्घाटनको तयारीमा

काठमाडौं । 'छैटौं नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ) २०२३ को तयारी अन्तिम चरणमा पुगेको आयोजक संस्थाका अध्यक्ष केपी पाठकले बताएका छन् । यसको उद्घाटन काठमाडौंको सिभिल मल सुन्धारामा गर्ने आयोजक पक्षले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ । सोमबार एक विज्ञप्ति जारी गर्दै यस महोत्सवका लागि चयन भएका चलचित्रहरू हेर्न दर्शकलाई हलमा टिकट खुला गरिएको पनि आयोजक पक्षले जनाएको छ । निफको टिकट बुकिङ खुला भएको छ । एप्समार्फत टिकट बुकिङ गर्न सकिने पनि आयोजक पक्षले विज्ञप्तिमा जनाएको छ ।

महोत्सवका अध्यक्ष पाठकका अनुसार यस महोत्सवमा ३५ देशका ९५ प्रतियोगी चलचित्र प्रदर्शन हुनेछन् । महोत्सवमा उद्घाटन चलचित्रका रूपमा कोरिन शर्मा निर्देशित चलचित्र 'चरी' (अप्रतियोगी) प्रदर्शन गरिने भएको छ । यसपटक 'निफ' का प्रतिस्पर्धी चलचित्र चारवटा सिनेमा हलमार्फत प्रदर्शन गरिनेछ । क्यूएफएक्ससँगको सम्झौतानुसार काठमाडौंको सिटी सेन्टर र छायाँ सेन्टर, पुल्चोकको लबिङ मल र भक्तपुरस्थित राधेराधेको भाटभटेनीमा रहेको हलमा प्रतिस्पर्धी चलचित्र प्रदर्शन गरिने भएको छ । विगतमा झैँ यसपटक पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लामा छोटा चलचित्र, डकुमेन्ट्री तथा एनिमेटेड चलचित्रहरू प्रदर्शन हुने आयोजक पाठकले बताएका छन् ।

शर्मालाई अनेसासले अभिनन्दन गर्ने

काठमाडौं । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बोर्ड अफट्रस्टीका निवर्तमान सल्लाहकार रोहिणी शर्मालाई अनेसासले अभिनन्दन गर्ने भएको छ । सन् २००४ देखि बीओटीमा आवद्ध शर्मा, बिओटीको उपसभापति पनि थिए । पेशाले खानी ईन्जिनियर भएर पनि नेपाली भाषा र साहित्यको प्रवर्द्धनमा सक्रिय शर्माले अनेसासमा धेरैपटक पुरस्कारको पनि प्रायोजन गर्नुभएको छ । नेपालको धवलागिरी अञ्चलको बाग्लुङबाट अमेरिकाको अरिजोनामा स्थानान्तरण गरेका शर्माको अमेरिकामा रहेका विभिन्न संघसंस्थामा पनि संलग्नता रहेको छ । मार्च ११मा बोस्टनमा हुने सम्मेलनमा शर्मालाई अभिनन्दन गरिने भएको हो । अनेसासका केन्द्रीय अध्यक्ष गोवर्द्धन पूजाको अध्यक्षतामा गत आइतवार बसेको कार्यसमितिको बैठकले उक्त निर्णय गरेको हो ।

खेलकुद

दीपकलाई ऐतिहासिक स्वर्ण

काठमाडौं । दीपक अधिकारी एसियन क्रस कन्ट्री च्याम्पियनसिपमा स्वर्णपदक जित्ने पहिलो नेपाली खेलाडी भएका छन् । उनले मंगलबार गोकर्ण फरेस्ट रिसोर्टमा सम्पन्न १६ औं संस्करणमा रोमान्चक प्रतिस्पर्धामा जापानी धावकलाई उछिन्दै पुरुष सिनियरमा स्वर्ण जितेर नेपाललाई ऐतिहासिक सफलता पाएका हुन् ।

नेपाली सेनाका धावक दीपकले १० किमी दौड ३३ मिनेट ५२.०७० सेकन्डमा पूरा गर्दै स्वर्ण हात पारेका हुन् । पाँचौं तथा अन्तिम ल्यापमा अग्रता लिएका दीपकलाई अन्त्यतिर दाइचीले गति बढाउँदै कडा चुनौती दिएका थिए । तर, उनले १९ औं दक्षिण एसियाली खेलकुद (साग २०१९) को कांस्य विजेता दीपकलाई उछिन्न सकेनन् र नेपालले ऐतिहासिक स्वर्ण हात पाऱ्यो । उकाली-ओराली दौडमा पहिलोपल्ट सहभागी भएका उनले गत असोज-कात्तिकमा पोखरामा भएको ट्याक इभेन्ट (नवौं राष्ट्रिय खेलकुद) मा राष्ट्रिय कीर्तिमानसहित १० हजार मिटरमा स्वर्ण जितेका थिए । नेपालकै मुकेश बहादुर पाल (३४ मिनेट ३२.८३५ सेकेन्ड) ले कांस्य प्राप्त गरे ।

दीपक, मुकेश र ३४ मिनेट ५३.७१७ सेकेन्डमा दूरी पूरा गर्दै छैटौं स्थानमा रहेका दीपक सुहागको प्रदर्शनको आधारमा नेपालले पुरुष सिनियरको टिम स्पर्धामा पनि स्वर्ण कब्जा गऱ्यो । उनीहरूले समग्रमा १ घन्टा ४३ मिनेट १८.६२ सेकेन्डको समय निकाल्दै सफलता हात पारेका हुन् । इरानले (१ घन्टा ४४ मिनेट ५०.८९ सेकेन्ड) रजत र भारतले (१ घन्टा ४७ मिनेट ४९.६३ सेकेन्ड) कांस्य प्राप्त गरे । पाकिस्तान चौथो र माल्दिभ्स पाँचौं स्थानमा रहे ।

एसियन एथलेटिक्स संघले सन् १९९१ मा फुकुओका (जापान) बाट सुरु भएको एसियन क्रस कन्ट्री

च्याम्पियनसिपको सातौं संस्करण पनि २२ वर्षअघि नेपालले आयोजना गरेको थियो । यही गोकर्ण फरेस्ट रिसोर्टमा सन् २००१ मा भएको च्याम्पियनसिपमा महिला जुनियरको टिम स्पर्धामा नेपालले कांस्यपदक हात पारको थियो । त्यसयता नेपालले एसियन क्रस कन्ट्रीमा यसैपाली पदक जितेको हो ।

यसपाली महिला जुनियर (२० वर्षमुनि) मा राममाया बुढाले 'फोटो फिनिस्ड' मा टुंगिएको ६ किमिको दौडमा रजत हात पारिन् । अन्तिम क्षणमा उनलाई उछिन्दै भारतकी श्रुष्टि श्रीधर रेडेकरले स्वर्ण जितिन् । दुवैले २४ मिनिट १५ सेकेन्डको समय निकाले । भारतकी बेबीले २४ मिनेट २१ सेकेन्डसहित कांस्यपदक हासिल गरिन् । महिला जुनियरको टिम स्पर्धामा भारतले समग्रमा १ घन्टा १४ मिनेट ९ सेकेन्डको समय निकाल्दै स्वर्ण हात पाऱ्यो भने राममाया, प्रियालक्ष्मी रावल र विमला कार्कीको नेपाली टिमले १ घन्टा १८ मिनेट २२ सेकेन्डसाथ रजत प्राप्त गऱ्यो । उक्त स्पर्धामा नेपाल, भारत र बंगलादेशका धावक सहभागी थिए । टिम स्पर्धामा सहभागी हुन तीन खेलाडी हुनैपर्छ ।

नेपालले महिला सिनियर (१० किमी) मा पनि रजत हात पाऱ्यो । यो सफलता राजपुरा पछाइले दिलाइन् । उनले ४१ मिनेट ३१ सेकेन्ड लगाइन् । जापानकी युआ सारुमिदा (३८ मिनेट ३३ सेकेन्ड) ले स्वर्ण र भारतकी सोनिका (४१ मिनेट ३२ सेकेन्ड) कांस्यपदक हात पारे ।

महिला सिनियरको टिम स्पर्धामा भारतले स्वर्ण (२ घन्टा ४ मिनेट ३८ सेकेन्ड), नेपालले रजत (२ घन्टा ७ मिनेट ५७ सेकेन्ड) र थाइल्यान्डले कांस्य २ घन्टा १३ मिनेट १६ सेकेन्ड) प्राप्त गरे । जापानबाट युआमात्रै सहभागी थिइन् । व्यक्तिगत चार र टिम चार गरी आठ स्पर्धामा आयोजित एक दिने च्याम्पियनसिपमा ११ देशका ६५ खेलाडी दर्ता भएका थिए ।

पलेशा वर्षको उत्कृष्ट पारा खेलाडी

काठमाडौं । पारा तेक्वान्दो खेलाडी पलेशा गोवर्धन उत्कृष्ट पारा एथ्लेटको अवार्डबाट सम्मानित भएका छन् । मंगलबार एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड-२०७८ अन्तर्गत उनलाई वर्षको उत्कृष्ट पारा खेलाडी घोषित गरिएको हो ।

टोकियो पारा ओलम्पिकमा दुई बाउट जितेर क्वाटरफाइनल पुगेकी पलेशाले एसियन युथ पारा गेम्समा स्वर्ण जितेकी थिइन् । पारा ओलम्पिकमा दुई फाइट जित्ने पनि उनी पहिलो खेलाडी हुन् । यस वर्ष अन्य अवार्डहरूमध्ये राष्ट्रिय फुटबल टिमका पूर्वप्रशिक्षक अब्दुल्लाह अल्मुताइरीलाई वर्ष प्रशिक्षकको अवार्ड प्रदान गरिएको छ । त्यस्तै फुटबलर अन्जन विष्टले वर्ष पुरुष खेलाडी, अरुणा शाहीले वर्ष महिला खेलाडी, उषा भण्डारीले पिपल्स च्वाइस अवार्ड र मनिष डाँगीले वर्ष युवा खेलाडीको उपाधि जितेका छन् ।

विश्व

ब्रेजनेभको जस्तो मृत्यु नहोस् नेताहरूको

विष्णु भट्टराई

रुसी जार निकोलस द्वितीयको शासन चलिरहँदा भिक्टोरिया पेत्रोभ्ना सन् १९०७ को जुलाई ५ मा जन्मिइन् । कुस्क प्रान्तको बेल्गोरिड उनको जन्मस्थान । भिक्टोरियाका पिता पिटर डेनिसोम रेलचालक थिए । आमा अन्ना भ्यादिमिरोभ्ना भने शुद्ध गृहिणी थिइन् । भिक्टोरिया रुसी नाम होइन । त्यसबेला लगभग एक लाख जनसंख्या भएको कुर्स्कमा पोलिसहरू धेरै थिए । यिनकै उक्साहटमा पिटरले छोरीको गैररुसी नाम राखिदिए । भिक्टोरिया पिटर दम्पतिका चार छोरी र एक छोरा जन्मिए । भिक्टोरिया नामले पिटर परिवारलाई धेरैले यहुदी ठाने, तर उनीहरू यहुदी थिएनन् ।

सन् १९२५ मा भिक्टोरिया मेडिकल कलेजमा दाखिल भइन् । कलेजको नृत्य कक्षमा उनको एकजना खाइलाग्दा युवासँग चिनजान भयो । युक्रेनी ती युवा भिक्टोरियाभन्दा एक वर्ष मात्र जेठा थिए- उनी १७ वर्षकै उमेरमा कम्युनिस्टहरूको युवा संगठन कोम्सोमोलको सदस्य भइसकेका थिए । उनी त्यसबेला भूमि व्यवस्थासम्बन्धी प्राविधिक स्कुलमा तेस्रो वर्षमा अध्ययनरत थिए । नवयौजना भिक्टोरिया रुपवती थिएन् । पहिलो हेराइमै ती युवक लठ्ठिए । उनी थिए लियोनिद ब्रेजनेभ । नृत्य कक्षमा भिक्टोरियाले ब्रेजनेभलाई नाच्न आग्रह गरिन् । तर ब्रेजनेभ नाच्न जान्दैनथे । दुवै नजिक भएपछि भिक्टोरियाले पछि उनलाई नाच्न सिकाइन् । ब्रेजभ कुशल नृत्यकार समेत बने । भिक्टोरिया र ब्रेजनेभको नृत्यको ताल साह्रै मिल्थ्यो ।

जब दुवै प्रेममा परे एक दिन भिक्टोरियाले आफ्नो घर लगिन् र आफ्ना आमा बुबासँग चिनजान गराइन् । तीन वर्ष लामो 'अफेयर्स' पछि ब्रेजनेभ र भिक्टोरियाको सन् १९२७ डिसेम्बर ११ मा विवाह भयो । प्रेमीप्रेमिका विधिगत रुपमा पतिपत्नी भए । विवाहपछि यो जोडी स्वर्दलोभ्स्क रमाना भए । भाडामा कोठा लिएर बस्न थाले । ब्रेजनेभ जागिरको सिलसिलामा सरुवा भइरहन्थे । भिक्टोरिया सधैं उनीसँग हुन्थिन् । युक्रेन, किसिनेभ, मोल्दाभिया हुँदै अन्त्यमा उनीहरू मस्को पुगे । त्यहाँ भिक्टोरियाले एउटा अस्पतालमा नर्सको काम पाइन् । सन् १९२९ अप्रिल १८ मा छोरी गार्लिना पैदा भइन् । बच्चीकी आमा भएपछि उनले नर्सको काम छोड्नुपर्‍यो । दुई वर्षकै अन्तरालमा फेरि उनी गर्भवती भइन् । छोरा युरी जन्मिए । उनले आफ्नो सम्पूर्ण ध्यान बालबच्चा स्याहार्न र हुर्काउनमा लगाइन् । भिक्टोरिया पाक कलामा पनि निपुण थिइन् । खाना निकै मिठो पकाउँथिन् । ब्रेजनेभ पत्नीले बनाएको खाना असाध्यै मन पराउँथे । पत्नीको हातको खाना उनी पहिलो चखाइमै थाहा पाउँथे ।

ब्रेजनेभले सन् १९३१ म कम्युनिस्ट पार्टीको सदस्यता लिए । इन्जिनियरिङ उत्तीर्ण गरेपछि उनी प्राविधिक स्कुलका निर्देशक भए । दोस्रो विश्वयुद्धमा नाजी सेनाले रुसमाथि आक्रमण गर्‍यो । सन् १९४१ म ब्रेजनेभ राजनीतिक कमिसार बने । दोस्रो विश्वयुद्धमा हिटलरको पतन रुसी लालसेनाले गरायो । नेतृत्वमा स्टालिन थिए । यदि रुसी लालसेनाले हिटलरको नाजी सेनालाई हराउन नसकेको भए रुस जर्मनको उपनिवेश बन्ने सम्भावना थियो । विश्वमाथि नै राज गर्ने साकाहारी हिटलरको महत्वकांक्षामाथि रुसी लालसेनाले पानी फेरिदिएको थियो । विश्वयुद्ध सकिएपछि ब्रेजनेभ पहिले युक्रेन र पछि मोल्दामियाको पार्टी सचिव बने । सन् १९५३ मा रुसी कम्युनिस्ट नेता जोसेफ स्टालिनको निधन भयो । ब्रेजनेभ केन्द्रीय सदस्यबाट तल झारिए । तर जब सत्तामा खुश्चेभको उदय भयो ब्रेजनेभ पोलिटब्युरो सदस्यमा पदोन्नति भए । ब्रेजनेभ खुश्चेभका विश्वासिला थिए । निकिता खुश्चेभको विश्वासपात्र भएका कारण ब्रेजनेभ सन् १९६० मा सुप्रिम सोभियत अध्यक्ष मण्डलको सदस्य भएपछि यिनी खुश्चेभ विरुद्ध लागे । सन् १९६४ मा खुश्चेभको सहायक पदबाट राजीनामा दिए । उनी खुश्चेभलाई सत्ताच्युत गराउने षड्यन्त्रमा सामेल भए । दुई वर्षपछि सन् १९६६ मा ब्रेजनेभ महासचिव भए भने सन् १९७७ मा सुप्रिम सोभियत अध्यक्ष मण्डलको अध्यक्ष भए, अर्थात् उनी राष्ट्रपति बने सोभियत संघको ।

ब्रेजनेभ राष्ट्रपति भए पनि श्रीमती भिक्टोरियाले भने गृहिणीकै कार्यभार सम्हालिन् । यदाकदा कुनै औपचारिक कार्यक्रममा मात्र उनी सर्वोच्च नेता खुश्चेभ सँगसँगै देखिन्थिन् । उनी सत्तारुढ कम्युनिस्ट पार्टीको सदस्य थिइन् तर कुनै पनि महत्वपूर्ण पद खोजिनन् । कहिलेकाहीँ पतिसँग विदेश भ्रमणमा भने उनी जाने गर्थिन् । उनी निकै भावुक प्रकृतिकी महिला थिइन् । भाषण, जुलुस सभा र सार्वजनिक कार्यक्रममा उनको विल्कुलै रुचि थिएन । भाषण त उनी आफ्ना पतिको पनि सुन्दैनथिन् । घरमै बस्थिन् । आइस हकी उनलाई मनपर्ने खेल थियो । तसर्थ आइस हकी प्रसारण हुने टेलिभिजन च्यानल हेरेरै उनको दिन बित्थ्यो । उनका गफ गर्ने र मिल्ने साथी समेत थिएनन् । छोराछोरीहरू स्कुल, कलेज पढ्न जान्थे । उनी एक्लै घरमा बस्थिन् । लोग्ने शक्तिमा भएका बेला उनी जुनसुकै आकर्षक पदमा जान सक्थिन् । तर उनले राजनीतिमा खासै मन लगाइनन् । आफू लाभका पदमा जानु पतिको राजनीतिक छवि बिगार्नु हो भन्ने ठान्थिन् भिक्टोरिया ।

ब्रेजनेभ पत्नीलाई मायाले 'भित्या' भनेर बोलाउँथे । भिक्टोरिया लोग्नेका मुखबाट यो शब्द सुन्न हुरक्क हुन्थिन् । घरमा पार्टीका नेताहरू आइरहन्थे । सबै भित्याले पकाएको खाना मिठो हुन्छ भन्दै ठट्टा गर्दै खान्थे । आएका पाहुनालाई उनी कहिल्यै भोकै पठाउँदैनथिन् । उनका केही मिल्ने साथी अन्ना दिमित्रियेमा ल्युबिनोभा, तात्याना, आन्द्रोपोमा र लिडिया ग्रिनोभिचहरू थिए । यी पछि राष्ट्रपति बनेका कोन्स्टान्टिन चेर्नेन्को, युरो आन्द्रोपोभ र आन्द्रोईग्रोमिका पत्नीहरू थिए । सधैंजसो आफ्ना घर आइरहने भएकाले भिक्टोरिया उनीहरूसँग गफ गर्थिन् । अर्की एकजना गुप्तचर विभागकी अधिकृत थिएन् । रुसी माताहारी नामले चिनिने उनी प्रायः ब्रेजनेभसँगै खाना खान्थिन् । तिनै माताहारीले एकपटक हो भन्डै ब्रेजनेभको ज्यान लिएकी थिइन् । यसका बावजुद पनि भिक्टोरिया ती युवतीलाई घृणा गर्दैनथिन् । यत्तिसम्म कि अन्य महिलासँग सम्पर्क ब्रेजनेभको रहेको चर्चा चल्दा पनि भिक्टोरिया मेरो लोग्ने त्यस्तो व्याभिचारी छैनन्, असल छन्, मलाई धेरै माया गर्छन् भनेर चुपचाप बस्थिन् । यसबाट बुझिन्छ उनी पढेलेखे

पनि अलि पुरातन विचारवाली सोझी र नितान्त घरेलु श्रीमती थिइन् ।

सैनिक अधिकृत भिक्टर इलिनले सन् १९६९ मा झन्डै ब्रेजनेभको ज्यान लिन खोजेपछि भिक्टोरिया डराइन् । हत्या प्रयासमा गाडी चालक मारिए, ब्रेजनेभ बालबच्चा बाँचे ,। लेनिनग्राड निवासी यी सैनिक अधिकृतले के कारणले ब्रेजनेभलाई सिध्याउन खोजेका हुन्, भिक्टोरिया एक्लै सोचिरहन्थिन् । सन् १९८२ मा ताकसन्द जाँदै गर्दा ब्रेजनेभ चढेको विमान दुर्घटनामा पर्‍यो । त्यो बेला भिक्टोरिया यिन्तु न चिन्तु भइन् । उनले छोरी गालिता र ज्वाइँ येभ्गी मिलायेभकी छोरी भितुस्यालाई घरमा ल्याएर राखेकी थिइन् । तिनै नातिनीसँग खेलेर दिन बिताउँथिन् उनी । क्रिमियास्थित ब्रेजनेभको कार्यालयमा समय समयमा पूर्वी युरोपका राष्ट्रपतिहरू रोमानियाका निकोलाई चाउचेस्कु, बुल्गेरियाका तोडोर झिम्कोभ, चेकोस्लोभाकियाका गुस्ताभ हुसाक, पोलिस कम्युनिस्ट पार्टीका महासचिव एडवार्ड गिरिकहरू पुगिरहन्थे । भिक्टोरिया उनीहरूसँग भने खुला कुरा गर्थिन् । एकपटक रुमानियाली राष्ट्रपति चाउचेस्कुले भिक्टोरियाले पकाएको खाना फालेर उनको बेइज्जत नै गरेका थिए । भिक्टोरियाकोमा खाना खान जानेमा केजीबीका प्रमुख युरी आन्द्रोपोभ, उपप्रमुख सेमेनटिस्भगुन, भिक्टोरियाका भाइ गृहराज्यमन्त्री युरी चर्बानोभ थिए । २८ गोटीले खेलिने खेल 'डेमिनो' रातभर खेल्थिन् भिक्टोरिया । एउटा टोलीमा भिक्टोरिया र ब्रेजनेभका निजी डाक्टर रोडियोनोभ र अर्को टोलीमा ब्रेजनेभ र केजीबीका सुरक्षा प्रमुख अलेक्जेन्डर र प्याबेन्थको रहन्थे ।

मान्छेको शरीर सधैं स्वस्थ कहाँ हुन्छ ? सन् १९७४ मा ब्रेजनेभ बिरामी भए । भिक्टोरियाले पतिलाई एकक्षण पनि छोडिनन् । दिनरात पतिको सेवा गरिरहिन् । ब्रेजनेभले सोभियत रुसलाई आफ्नो १८ वर्षे शासनकालमा महाशक्ति राष्ट्रको रुपमा स्थापित गरे । त्यसअघि अमेरिका मात्र महाशक्ति राष्ट्र थियो । उनले अमेरिकासँग टक्कर लिए । गुप्तचर संस्था केजीबीलाई अमेरिकी गुप्तचर संस्था सिआईएभन्दा शक्तिशाली बनाए । ब्रेजनेभ मेडल र पदनका भने भोका थिए । भए जति मेडल र पदक आफैंले राखे झन्डै दुई सयवटा । स्टालिनपछि रुसका सबभन्दा शक्तिशाली नेता सम्भवतः ब्रेजनेभ नै बनेका थिए । यद्यपि ब्रेजनेभ दम्पत्ति वास्तविक रुपमा सुखी थिएनन् । छोरी गलिना र छोरा युरी खुँखार डंकार्ड (जँड्याहा) निस्किए । छोराछोरीका कारण ब्रेजनेभले बदनामी झेल्नुपर्‍यो । छोरी गालिन जँड्याही मात्र थिइनन् अति विलासी जीवन थियो उनको । उनी यौन मामिलामा पनि त्यत्तिकै अगाडि थिइन् । केटा मान्छे फेर्नु मोबाइलको सीमकार्ड फेर्नुजस्तै ठान्थिन् उनी । किशोर अवस्थादेखि नै यी अति रिसाही स्वभावकी थिइन् । युवा संगठन कोम्सोमोलको सदस्य लिन ठाडै अस्विकार गरिदिइन् । कलेज पढ्दापढ्दै सर्कस खेलाडी येभ्गेनीसँग भागिन् । दश वर्षपछि उनले येभ्गेनीसँग डिभोर्स गरिन् १९६१ मा । गालिना आमा भिक्टोरियासँग आएर बस्न थालिन् । ब्रेजनेभले गालिनालाई घरबाट धपाइदिए । उनले फेरि अर्को सर्कस खेलाडी र जादुगर इगोर कियोसँग बिहे गरिन् । ब्रेजनेभले यो बिहे रद्द गरिदिए । दोस्रो पति कियोसँग गालिनाले जम्मा नौ रात मात्र गुजारिन् । यिनले फेरि सन् १९७१ म गृह मन्त्रालयका कर्मचारी युरी चुर्बानोभसँग बिहे गरिन् । पिताको शक्तिको दुरुपयोग गर्दै पतिलाई सेनाको अधिकृत र पछि प्रथम उपगृहमन्त्रीसम्म बनाइन् । उनको यौन उच्छृङ्खलता यत्तिमै सीमित भएन । ५० वर्ष पुगेपछि उनले १९ वर्षीय केटो बोपरिस बुर्यात्सेलाई पति बनाएर सँगै राखिन् । भव्य आलिसन महलमा बस्थिन् । मर्सिडिज कारमा घुम्थिन् । महँगा भोड्का र हस्विकको चुस्की लाउँथिन् । रुसीहरू गालिनाको तमासा चुपचाप हेर्न बाध्य थिए किनकि ब्रेजनेभ सत्ताको नेतृत्वमा थिए ।

छोरा युरी झनै रुखो स्वभावका थिए । रुसीहरू युरीलाई पटक्कै मन पराउँदैनथे । ब्रेजनेभले छोरालाई सत्तारुढ पार्टीको केन्द्रीय सदस्य बनाइदिए साथै विदेश व्यापारसम्बन्धी उपमन्त्री । यी जोसँग पनि निहुँ खोज्ने झगडा गर्ने गर्थे । पत्नी ल्युदमिला भ्लादिमिरोभ्नालाई समेत पिटपाट गर्थे । यही कारण छोराहरू आन्द्रेई र लियोनिदले बाबुको कहिल्यै आदर गरेनन् । जब ब्रेजनेभको निधन भयो युरी आन्द्रोपोभको समयमा भ्रष्टाचार

र राज्यकोष दुरुपयोग गरेको अपराधमा पक्राउ परी कारावासको सजाय समेत भोगे । गालिना पनि राज्य शक्तिको दुरुपयोग र हिरा लुकाई विदेश लाने गरेको आरोपमा पक्राउ परिन् । यस विषयमा ब्रेजनेभ सत्तामा हुँदै केजीबीले गालिनासँग सोधपुछ गरेको थियो तर आन्द्रोपोभ सत्तामा पुगेपछि गालिना, युरी र ब्रेजनेभका साला युरी चुर्बानोभ सबैले दण्ड पाए ।

ब्रेजनेभ सन् १९८२ मा ७५ वर्ष भइसकेका थिए । छोराछोरी र ज्वाइँका हर्कतका कारण उनी सिकिस्त बिरामी परे । नोभेम्बर १० को बिहान भिक्टोरिया ब्रेजनेभ पल्टिराखेको पलङमा चढिन् । उपरखुट्टी लगाएर बसिन् र नास्ता खान थालिन् । उनी पति निदाइरहेको होला भनेर ढुक्क थिइन् । ब्रेजनेभले यो धरती छोडिसकेको उनले चाल पाउन सकिनन् । भोलिपल्ट बिहान ७:१५ बजे नियमित कार्यक्रम पप संगीत कार्यक्रम प्रसारण भइरहेका बेला राष्ट्रिय टेलिभिजनले अचानक गीत संगीत रोकी लेनिन सम्बद्ध डकुमेन्ट्री प्रसारण गर्न थाल्यो । समाचारवाचकहरू पनि युनिफर्मबिना सादा पोशाकमा उपस्थित भए । सबै मान्छे अलमलमा परे आखिर के हुँदैछ ? एकछिनपछि वरिष्ठ समाचारवाचक इगोर किरीलोभ आँसु पुछ्दै देखा परे । उनैले राष्ट्रपति ब्रेजनेभको निधन भइसकेको समाचार सुनाए ।

ब्रेजनेभको शव तीन दिनसम्म रेड स्क्वाएरमा राखियो । त्यसपछि पत्नी भिक्टोरिया सार्वजनिक भइन् । उनले शोकसभामा मन्तव्य दिइन् । सबैले ब्रेजनेभले पार्टी र देशलाई दिएको योगदानको चर्चा गरे । १५ नोभेम्बरमा अन्त्येष्टिको कार्यक्रमको आयोजना गरियो । लेनिन र स्टालिन सरह सम्मान दिइयो । शव रेडस्क्वायरमा रातो कार्पेट बिछ्याएर लगियो । अन्तिम सम्मानका लागि कफिन बक्स खोलिएपछि भिक्टोरिया अघि बढिन् । निहुरेर शवको निधार चुमिन् । नयाँ नेता आन्द्रोपोभले पनि त्यसै गरे । अन्त्येष्टि कार्यक्रममा ३२ देशका राष्ट्रपति, १५ देशका प्रधानमन्त्री, १४ देशका विदेशमन्त्री र चारजना युवराज उपस्थित थिए ।

ब्रेजनेभको निधन भएको केही समयपछि नै उनको आलोचना सुरु भयो । नयाँ नेता आन्द्रोपोभले ब्रेजनेभले रुसमा नोकरशाहीतन्त्र, नातावाद र कमिशनतन्त्र भित्र्याएको, अर्थतन्त्रलाई ध्वस्त पारेको आरोप लगाए । १८ वर्षको ब्रेजनेभ शासनकाल 'कालो युग' भएको बताए । सन् १९८८ मा ब्रेजनेभ पत्नी भिक्टोरियालाई सरकारी निवास छोड्न लगाइयो । सेवासुविधा, कामदार सबै खोसियो । राष्ट्रपति हुँदा ब्रेजनेभले पाएका पदक र उपहार सबै खोसेर लगियो । ब्रेजनेभले लेखेका पुस्तकको रोयल्टी रोकियो । भिक्टोरिया अदालतको शरणमा पुगिन् । अदालतले मासिक ३० डलर पेन्सन दिने निर्णय सुनायो । उनी ब्रेजनेभको पुरानो घरमा बस्न गइन् जुन पाँच कोठाको थियो । १३ वर्षसम्म उनले न्यूनतम पेन्सनको भरमा त्यही घरमा जीवन गुजारिन् । उनी सुगरको बिरामी भइन् । इन्सुलिन लिने पैसा भएन । न त सरकारले हेर्‍यो न जनताले । अन्तमा सुगरका कारण उनका दुवै आँखाको ज्योति गुम्यो । सन् १९९५ जुलाई ५ मा ८७ वर्षको उमेरमा भिक्टोरियाले सदाका लागि आँखा चिम्लिन् । छोरी गालिना सन् १९८८ मा मेन्टल हस्पिटलमा बितिन् । छोरा युरिनको प्राणान्त ६ वर्षअघि मात्र भयो ।

(एजेन्सीहरुको सहयोगमा)

चिनियाँ संसद नेसनल पिपल्स कंग्रेसको अधिवेशनले कस्तो परिवर्तन गर्ला ?

चिनियाँ संसद नेशनल पिपल्स कंग्रेसको अधिवेशन यही साता सुरू हुँदैछ । संसदको यो अधिवेशन सी जिनपिङको शक्ति कब्जामा केन्द्रित हुनेछ । सीले आफूलाई केन्द्रमा राखेर पार्टीलाई परिमार्जन गरेका छन् । सीलाई कसैले पनि चुनौती दिन सकेका छैनन् । ३ हजार सांसद सहभागी हुने संसदको यो अधिवेशनले कर्मचारीतन्त्रमा हेरफेर गर्नेछ । मुलुकको प्रधानमन्त्री घोषणा गर्नेछ । चीनको शक्ति संरचनामा प्रधानमन्त्री सीपछिको दोस्रो बरियतामा हुन्छ । शाब्दिक रूपमा प्रधानमन्त्रीले विश्वकै दोस्रो ठूलो अर्थतन्त्रको व्यवस्थापन गर्ने भनिए पनि त्यो खासमा शब्दमै सीमित हुन्छ ।

विदा हुन लागेका प्रधानमन्त्री ली खच्छ याङ एक दिन मञ्चको केन्द्रमा हुनेछन् । त्यसपछि ली छयाङ् लाइमलाइटमा आउनेछन् । सीप्रतिको बफादारीका सन्दर्भमा लीद्वय फरक छन् । गत अक्टोबरमा चिनियाँ कम्युनिस्ट पार्टीको महाधिवेशनले सात सदस्यीय पोलिटब्युरो समिति बनाएको थियो । त्यसमा सीकै बफादारहरू चयन भएका छन् । संसदको यो अधिवेशनले विभिन्न विभागीय प्रमुख तथा मन्त्रीहरू हेरफेर गर्नेछ । सबै सीकै गुटमा पर्ने निश्चित छ । यसको मतलब उनीहरू योग्य छैनन् भन्ने होइन, तर उनीहरूले सीलाई निर्भिकतापूर्वक सल्लाह दिनसक्ने हैसियत राख्लान् ? भन्ने प्रमुख प्रश्न हो ।

यदि ली छयाङ् प्रधानमन्त्री घोषणा भए भने त्यो लीका लागि सबैभन्दा ठूलो उपलब्धि हुनेछ । मुलुकको वित्तीय राजधानी रहेको सांघाइको पार्टी प्रमुख थिए ली । पार्टीको दोस्रो बरियतामा एकैपटक पदोन्नती हुँदा सबै छक्क परेका थिए ।

शून्य कोभिड नीति हुँदा सांघाई सबैभन्दा बढी कडा थियो । तर त्यहाँको व्यवस्थापन उत्तिकै झुर थियो । सामान पुर्याउने चालकहरूलाई घरबाट बाहिर आउन नदिँदा करोडौं मानिसहरूका स्वच्छ खानेकुरा र औषधी पुगेन । त्यहाँ खानको अभाव भयो । बासिन्दाहरूले कुहिएको तरकारीको तस्विर सार्वजनिक गरेका थिए । अत्ति भएपछि स्थानीहरू त्यसविरुद्ध उत्रिए । दुरी कायमका लागि राखिएका बारहरू भत्काए । नियमहरूविरुद्ध आवाज चर्काए । उचित रूपमा सांघाईको लकडाउन व्यवस्थापन गर्न चुकेका ली प्रधानमन्त्री भए भने कसरी मुलुकको व्यवस्थापन गर्लान् पर्यवेक्षकहरूले प्रश्न गरेका छन् ।

केहीले उनको विगतलाई लिएर प्रश्न गरे पनि व्यवसायीहरू उनलाई आविष्कारक पनि भन्छन् । आविष्कारका लागि पार्टीका कठोर सिद्धान्तका बाबजुद आविष्कारमा उनको योगदान रहेको व्यापारीहरूको भनाइ छ । 'ली सीप्रति बफादार भएर नै उनले यो जिम्मेवारी पाउन लागेकोमा कुनै सन्देह छैन । सीले हाम फाल भनेमा उनले उचाइ सोध्ने समार्थ्य राख्छन् । ली स्मार्ट छन् उनी असल सञ्चालक हुन्,' युरोपियन युनियन च्याम्बर अफ कमर्स चीनका अध्यक्ष जर्ज उत्के भन्छन् । जर्जले सन् १९९० देखि चीनमा व्यापार गर्दै आएका छन् । चिनियाँ कम्युनिस्ट पार्टीका धेरै नेताहरूसँग संगत गर्दै आएका छन् ।

टेस्लाको उत्पादन उद्योग चीनमा भित्राउने श्रेय ली छयाङलाई जान्छ । अमेरिका बाहिर टेस्लाको पहिलो उद्योग चीनमा स्थापना भएको थियो । सन् २०१९ मा लीले सांघाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि खुला क्षेत्र बन्ने घोषणा गरेका थिए । 'सांघाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि खुला क्षेत्र बन्नेछ । यसले चीनलाई आर्थिक भूमण्डलीकरणको युगमा नयाँ स्वरूपमा लानेछ,' उनले भनेका थिए ।

ली आर्थिक स्थितिलाई चलायमान बनाउनका लागि चीनको उदार नीतिलाई मिच्न पनि तयार देखिन्छन् । सन् २०१६ मा ली चीनको पूर्वी क्षेत्रको जियाङसुको पार्टी सचिव भएका थिए । त्यहाँ उनले अलिबाबाका संस्थापक ज्याकमा लगायत अन्यसँग बैठक गर्दै त्यहाँ व्यापारको वातावरणको आधार तयार गरे ।

त्यो फरक समय थियो । हाल सीले प्रविधि कम्पनीहरूलाई लगाम लगाउन निर्देशन दिएका थिए । प्रविधि कम्पनीका प्रमुखहरू गायब हुनु अहिले सामान्य बनिसकेको छ । उनीहरूलाई सरकारी अधिकारीले गोप्य रूपमा लगेर अनेकौं केरकार गर्छन् । दुई साताअघि मात्रै बाओ फान यसको शिकार भए ।

नेशनल पिपल्स कंग्रेसको अधिवेशनबाट चीनको अर्थतन्त्र कस्तो बन्ने छ भन्ने चासो राख्नेहरूका लागि महत्वपूर्ण छ । यो अधिवेशन, सीको लागि आफ्ना अवरोधहरू हटाउने मौका पनि हो ।

लीले विगतमा व्यापारीहरूका लागि वातावरण बनाउने काम गरेका थिए । झाङसुमा हुनुभन्दा अघि ली सांघाई हुँदै जियाजिङसम्म पुगेका थिए । त्यसबेला पार्टीको प्रदेश प्रमुख सी थिए भने ली त्यसपछिको बरियतामा थिए । उनीहरू दुवै घण्टौंसम्म छलफल गरेर आफूभन्दा माथिकालाई रिझाउने प्रयत्न गर्थे । विदा हुन लागेका प्रधानमन्त्री लीसँग भने सीको यस्तो सम्बन्ध थिएन । सामूहिक नेतृत्वमा हुर्किएका सी र खछ्याङ फरक गुटका थिए । फरक गुटको हुँदा पनि खछ्याङ सीको पालामा प्रधानमन्त्री बन्न सफल भए । सीको सट्टा खछ्याङ राष्ट्रपति भएको भए चीन कस्तो हुनेथियो होला ?

नेशनल पिपल्स कंग्रेसको अधिवेशनबाट चीनको अर्थतन्त्र कस्तो बन्ने छ भन्ने चासो राख्नेहरूका लागि महत्वपूर्ण छ । यो अधिवेशन, सीको लागि आफ्ना अवरोधहरू हटाउने मौका पनि हो । मुलुकले जनतामाझ राम्रो प्रदर्शन गर्न नसकेमा त्यसबेलाको प्रश्नले सीलाई गाह्रो बनाउनेछ ।

प्रेरक

खुसीको रहस्य

एकपटक एक धनाढ्यले आफ्नो छोरालाई सुख कसरी पाउन सकिन्छ ?' भन्ने सवालको जवाफ मागेर ल्याउन एक विशद् विद्वान्कहाँ पठायो। ऊ लगातार ४० दिनसम्म हिँडेर बल्लबल्ल विद्वान्को घरसम्म पुग्यो। विद्वान्को घर डाँडाको शिरमा थियो। ऊ बल्लतल्ल त्यहाँसम्म पुग्यो। विद्वान्को घर परिसरमा थुप्रै मानिसहरूको जमघट थियो। टेबुलमा थुप्रै फलफूलहरू सजाएर राखिएका थिए। उसले मानिसको भिडकाबीच विद्वान्लाई खोज्यो। विद्वान् अन्य मानिससँगको कुराकानीमा व्यस्त देखिन्थे। उसले ढोकामै कुरेर बसिरह्यो।

धेरै बेरपछि उनको नजर सो केटामाथि पऱ्यो। विद्वान् नजिक आएर उसको परिचय र आउनुको उद्देश्य सोधे। उसले आफ्नो परिचय दिँदै सोध्यो, 'सुख कसरी पाउन सकिन्छ ?' विद्वान्ले केटालाई भने, 'त्यसो भए मलाई एक घण्टापछि भेट, म काम सकेर आउँछु। तर त्यतिन्जेल तिमी मेरो सम्पूर्ण घर घुम्दै गर। मेरो घरको भव्यता हेर अनि बल्ल म विद्वान् हो, हैन भन्ने प्रमाणित हुन्छ। अरूले भन्दैमा सबै सत्य कहाँ हुन्छ र।' उनले चम्चामा तेल हालेर दिँदै भने, 'तिमी घुम्दा यसलाई पनि साथै लिएर घुम्नु तर याद राख्नु यसबाट एक थोपा पनि तेल चुहुनुहुँदैन।' केटो घुम्न निस्कियो र एक घण्टापछि साबिककै स्थानमा आयो। विद्वान्ले चम्चा हेरे तेल जस्ताको तस्तै थियो। उनले केटालाई हेर्दै भने, 'स्याबास तर के तिमीले पूरै घर घुम्यौ त ?'

केटाले जवाफ दियो- घुमें। त्यसो भए त्यो मेरो माथिको कोठामा झुन्ड् याएको मेरो मखमलको कमिज देख्यौ ? त्यो मलाई अति मनपर्छ। अनि मेरो कोठामा राखिएको त्यो ठूलो प्राचीन पेन्टिङ, कोठाको सजावट, घरबाहिरको भव्य बगैंचा, बगैंचाका हरिया रूखहरू, रंगिचंगी फूलहरू, उडिरहेका पुतलीहरू, परका पहाडहरू के तिमीले सबै देख्यो ?'

केटोले मुन्टो हल्लाउँदै भन्यो, 'मैले पूरै ध्यान चम्चामा लगाएको थिएँ यसर्थ ती सबै हेर्ने अवसर नै पाइनँ।' विद्वानले भने, 'पुनः यो चम्चा लगेर ती पूरै चीज हेरेर आऊ।' ऊ पूरै हेरेर साबिकै स्थानमा आयो र विद्वान्ले प्रश्न सोध्नु अगावै उसले देखेका सबै चिजको उत्कृष्ट वर्णन गऱ्यो। अन्त्यमा विद्वान्ले सोधे, 'अनि चम्चाको तेल नि ?'

उसले चम्चातर्फ हेऱ्यो, त्यो पूरै रित्तो थियो। विद्वान्ले भने, 'खुसीको रहस्य यही हो, तिमीले संसारको सबैथोक हेर तर आफूसँग भएको चम्चाको तेल कहिल्यै नखसाल !'

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

प्रतिकूल समयमा पनि केही काम सम्पादन हुनेछन्। बुद्धिको उपयोगले पहिलेको उपलब्धि जोगाउन सफल भइनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ। शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। भौतिक साधन जुट्नाले दिगो काम सुरु गर्न सकिनेछ।

वृष

बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ। अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ। सुखद् समाचारले उत्साह जगाउनेछ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। व्यापार बढ्नुका साथै आम्दानीका स्रोत पति बढ् नेछन्। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ।

मिथुन

दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला। धेरै लगानी गर्दा थोरै फाइदा हुनेछ। महत्त्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला। काममा श्रम परे पनि राम्रो प्रतिफल प्राप्त हुनेछ। अवसरले पनि उत्साह जगाउने देखिन्छ। रोकिएको काम पूरा हुनेछ। समस्या सुल्झाउन अभिभावकको मार्गदर्शन अवलम्बन गर्दा फाइदा हुनेछ। मिहिनेत गर्दा लाभ उठाउन सफल भइनेछ।

कर्कट

विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। छोटो समयमा गरिएका कर्मको उचित प्रतिफल पाइनेछ। कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि मिहिनेत गर्दा धन आर्जन हुने समय छ।

सिंह

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। व्यापार बढ्नेछ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। बोली र विचारका प्रशंसक बढ्नेछन्। शुभचिन्तकहरूले साथ दिनेछन्। विभिन्न अवसरले पछु याउनेछन् भने दिगो काममा जग बसाउने अवसर समेत प्राप्त हुनेछ।

कन्या

कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। नयाँ कामतर्फ विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा फाइदा हुनेछ। प्रेम र मित्रताको बन्धन पनि कसिनेछ। प्रयत्न गर्दा परम्परालाई समयसापेक्ष सुधार गर्न सफल भइनेछ।

तुला

व्यावसायिक कामले खर्च बढाउनेछ। सरसापट तथा आकस्मिक कामले पनि केही रकम बाहिरिन सक्छ। बसाइमा स्थानान्तरण वा टाढाको यात्रा हुने सम्भावना छ। नयाँ काममा ध्यान दिन नसकिए पनि पछिका लागि लगानी बढाउन सकिनेछ। सञ्चित रकम लगानी गर्ने नयाँ क्षेत्र फेला पर्नेछ। पहिले फसेको रकम उठाउन सकिनेछ। आफन्तबाट भने केही टाढा भइनेछ।

वृश्चिक

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिलेको सफलताले नयाँ अवसर पनि दिलाउन सक्छ। शरीर आलस्य भएर काममा मन लाग्ने छैन।

धनु

सानातिना काममै अलमलिनाले ठूलो उपलब्धि नहुन सक्छ। लोकाचारका पछि लाग्दा अरूले फाइदा उठाउन सक्छन्। पुराना कामको चर्चा भए पनि नयाँ अवसरका लागि निकै मेहनत गर्नुपर्ला। साथीभाइको सहयोगले सामाजिक कार्य गर्न सकिनेछ। लगनशीलताले आँटेको काम बन्नेछ। व्यापारमा सामान्य फाइदा हुनेछ। जिम्मेवारी हातपार्न केही समय लाग्ने देखिन्छ।

मकर

विभिन्न अवसर प्राप्त हुनेछन्। धेरैले आफ्ना कामको तारिफ गर्नेछन्। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। धार्मिक र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ। राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। पहिलेको सफलताले हौसला जगाउनेछ। पछिका लागि विशेष काममा जग बसाउने मौका छ। भाग्योन्नतिको समय छ।

कुम्भ

स्वास्थ्य र अर्थका हिसाबले दिन कमजोर रहनेछ। अवसरका लागि केही त्याग गर्नुपर्ला। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। परिस्थितिले अप्ठ्यारा चुनौतीहरूसँग सम्झौता गराउन सक्छ। जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। समस्या दर्साउँदा सहयोग गर्नेहरू भने भेटिनेछन्। तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ।

मीन

घुमफिर तथा मनोरञ्जनको समय छ। तर अरूको करकापमा काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। चुनौतीपूर्ण कामको दायित्व लिनाले व्यर्थैमा दुःख पाइनेछ। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। फाइदा लिन काम दोहोर्याउनुपर्ला। अरूको विश्वास गर्दा धोका हुन सक्छ। टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ। प्रेमको बन्धन कसिलो हुनेछ।

कोदो खाँदा फाइदैफाइदा

कोदोलाई धेरैजसो मानिसले राम्रो अन्न मान्दैनन्। तिनीहरू यसको गुणमा होइन कि रंगमा गएकाले त्यस्तो भएको बुझ्न गाह्रो छैन। तर, कोदो तपाईंहामीले सोचेजस्तो कम गुणकारी खाद्यान्न भने हुँदै होइन। यसमा चामल र मकैभन्दा ३५ गुणा अनि गहुँभन्दा ८.७३ गुणा बढी क्याल्सियम पाइन्छ। यसमा मकैभन्दा ३.७ गुणा, चामलभन्दा २.३ गुणा र गहुँभन्दा १.५ गुणा बढी आइरन पाइन्छ। मैथिलीमा मडुवा, नेवारीमा डुसी, अंग्रेजीमा मिलेट भनिने कोदो प्रोटिन, भिटामिन, ऊर्जा तथा खनिजको प्रमुख स्रोत हो। यसलाई भविष्यको स्मार्ट खानासमेत भनिएको छ।

कोदो हाम्रो मुलुकका लागि फयुचर स्मार्ट फुड (भविष्यको स्मार्ट भोजन) रहेको जनाउँदै नेपाल कृषि अनुसन्धान परिषद् (नार्क), जिन बैंकका वरिष्ठ वैज्ञानिक डा. बालकृष्ण जोशी भन्छन्, 'यसलाई ढिँडोका रूपमा मात्र नभई मस्म, सेल रोटी, बिस्कुट, चाउचाउ र रोटी लगायतका आधुनिक परिकारका रूपमा पनि उपयोग गर्नुपर्छ।'

सामान्य स्वस्थ व्यक्ति मात्र नभई बालबालिका, गर्भवती, मधुमेह, रक्तचापका बिरामीलाई समेत कोदो खानाले उल्लेख्य फाइदा पुग्ने वैज्ञानिक अनुसन्धानबाट पुष्टि भइसकेको औंल्याउँदै उनी स्वास्थ्यसम्बन्धी फाइदाका लागि यसको उपयोग हुनुपर्ने सुझाउँछन्। कोदो तराईदेखि उच्च पहाडी क्षेत्रसम्म जुनसुकै जलवायुमा पाइन्छ। हामीलाई चाहिने प्रायः सबै थोक यसमा हुने गरेको विज्ञहरू औंल्याउँछन्।'कोदोको सन्तुलित उपयोगले राम्ररी पोषित भएर स्वस्थ रहन सघाउँछ,'युनिसेफ नेपालका पोषणविद् नवीन पौडेल भन्छन्,'पहिले नहुनेले कोदो खाने गरे पनि आजकल हुनेले खान थालेको अवस्था छ।'

नेपाली समाजमा कोदोको उपयोगलाई कुनै बेला गरिबीको प्रतीकसमेत मान्ने गरिएको थियो। यसलाई कुअन्न मान्ने परम्पराले गर्दा यसको गुण अपहेलित हुँदै आएको छ। नेपालीको खाने चलनमा मुख्य घटक नै भात भएको र यसैमा अत्यधिक निर्भर रहने भएकोले नसर्ने रोगको वृद्धिमा समेत यसले सघाइरहेको छ। दशैको पहिले तराई र पहाडमा आर्थिक रूपले विपन्न वर्गलाई स्वस्थ राख्ने मुख्य आधारमध्ये एउटा कोदोसमेत हुन सक्ने पौडेलको अनुमान छ।

धेरैजसो सहरी क्षेत्रका हुनेखानेहरूले'थ्रिल'रमाइलो र फरक स्वादको लागि कोदो खाने गरेको जनाउँदै पौडेल भन्छन्, 'हामी यसको फाइदा जानेरभन्दा पनि नजानेर परम्पराग बानीव्यहोरा आदिले खाइरहेका छौं।'

हाल हाम्रो मुलुकमा अमृतजस्तै उपयोगगर्न सकिने कोदोको विषजस्तो उपयोग भइरहेको विज्ञहरू बताउँछन्। कोदोको उपयोग घरेलु जाँड, रक्सी, तोडबा लगायतमा बढी भइरहेको दुस्खद स्थिति औंल्याउँदै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (डीएफटीक्यूसी) का वरिष्ठ खाद्य अनुसन्धान अधिकृत पूर्णचन्द्र वस्ती भन्छन्,'कोदोको नियमित सन्तुलित उपयोग मात्रै गर्न सके पनि हाम्रो मुलुकबाट कुपोषण हटाउन सकिन्छ।'

ढिँडोको रूपमा कोदो खानु अति नै फाइदाजनक मानिन्छ। रोटीको रूपमा खानु वा गहुँ, मकै आदि पिठोमा कोदोको पिठो मिसाएर रोटी लगायतका परिकार बनाउनुसमेत लाभदायक मानिन्छ। अफ्रिकातिर कोदोलाई सातुजस्तै फिटेर खाने चलन छ। हाम्रो मुलुकमा पनि यसरी कोदोको उपयोग गरिँदा यसले थप स्वास्थ्यसम्बन्धी फाइदा मिल्न सक्छ। बालबालिकाका लागि बनाइने लिटोमा कोदोको उपयोग गर्दा उनीहरूको विकासका लागि थप टेवा पुग्ने गर्छ। मल्टिग्रेन (बहुअन्न) पिठोमा कोदोमिसाएर थप स्वस्थकर र स्वादिलो रूपमा उपयोग गर्न सकिने जनाउँदै बस्तीले'हर्लिक्स'जस्तो शक्तिवर्धक पेय पदार्थबनाउने 'डीएफटीक्यूसी'मा केही अनुसन्धान भइरहेको बताए।

खासगरी गर्भवतीले क्याल्सियमको चक्की खानुको सट्टा दुइटा कोदोका रोटी खाए पुग्छ। स्तनपान गराउनेहरूका लागि समेत यो दूध बढाउने आधार बन्छ। भारतमा कोदोले पापड, भुजिया, स्पागेटी, नुडल्स आदि बनाउन थालिएको छ। कोदोमा अरू पिठो मिसाएर बिस्कुट, पाउरोटी, बन, केक, मफिन, शिशु खाद्य पदार्थजस्ता विभिन्न परिकार बनाउन थालिएको छ। वस्तीका अनुसार, कोदो फलाम, क्याल्सियमजस्ता म्याग्नेसियम, फोस्फोरस र पोटेसियमजस्ता खनिजको समृद्ध स्रोत हो। यसमा प्रशस्त मात्रामा क्याल्सियम हुन्छ।

फाइबरले भरिपूर्ण कोदोमा विभिन्न भिटामिन (जस्तै स बिटा क्यारोटिन, नियासिन, भिटामिन बी ६, फोलिक एसिड) हुन्छन्। यसमा भएको लेसितिनको उच्च मात्राले स्नायु प्रणालीलाई बलियो बनाउन सघाउँछ। यसको उपयोगले कुपोषण हटाउन सकिन्छ। यसमा प्रशस्त मात्रामा पोलिफेनल्स, टयानिन, फाइटोस्टेरोल्स लगायतका फाइटोकेमिकल्स पाइन्छन्। यो एन्टिअक्सिडेन्टले समेत परिपूर्ण हुन्छ।

मुलुकको खाद्यान्न बालीको चौथो महत्त्वपूर्ण बाली कोदो रहेको औंल्याउँदै बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका वरिष्ठ बाली विकास अधिकृत प्रकाश आचार्य भन्छन्,'कोदो खेतीमा मल, जल, विषादी आदिको खासै आवश्यकता नपर्ने हुनाले यो हाम्रो लागि अत्यन्त उच्च स्तरको अर्गानिक खाद्य पदार्थ हो।'

मानिसलाई ज्ञात सबैभन्दा पुरानो खाद्य पदार्थमध्ये एक कोदो खाद्य र पोषण सुरक्षाको दृष्टिले महत्त्वपूर्ण भए पनि सरकार र राज्यले खासै महत्त्व दिएको छैन। हाम्रो मुलुकमा कोदोका दुई सयभन्दा बढी स्थानीय जात पाइन्छन्। यसको बीउ घरेलुस्तरमै करिब १० वर्षसम्म सुरक्षित राख्न सकिन्छ। मुलुकमा करिब २ लाख ६० हजार हेक्टरमा कोदोको खेती हुन्छ। वार्षिक रूपमा करिब ३ लाख १५ हजार मेट्रिक टन कोदोको उत्पादन हुन्छ। मुलुकमा कोदो बाली लगाउने कुल क्षेत्रफलको ७५ प्रतिशत जग्गा मध्यपहाडी जिल्लामा पर्छ।

क्यान्सर, मुटुरोग र मधुमेहबाट जोगाउँछ

इन्डियन इन्स्टिच्युट अफ मिलेट रिसर्च (आईआईएमआर), हैदरावाद, भारतको तथ्यपत्रअनुसार कोदोबाट धेरै लाभ लिन सकिन्छ। महामारीसम्बन्धी अध्ययनहरूले के देखाएका छन् भने, कोदोको उपयोगले मुटु रोगको जोखिम कम हुन्छ, मधुमेहबाट जोगाउँछ, पाचन प्रणालीमा सुधार ल्याउँछ, क्यान्सरको जोखिम कम गर्छ, शरीरको शुद्धीकरण गर्छरविषाक्तता हटाउँछ, श्वासप्रश्वासको स्वास्थ्यसम्बन्धी प्रतिरोधक क्षमता बढाउँछ, ऊर्जास्तरमा वृद्धिसँगै मांशपेशी र नशासम्बन्धी प्रणालीमा सुधार ल्याउँछ, पार्किन्सन्स रोग, मेटाबोलिक सिन्ड्रोम लगायतका थुप्रै डिजेनरेटिभ (पुनर्निर्माण हुन नसक्ने) रोगविरुद्ध सुरक्षा प्रदान गर्छ। कोदोमा रेसिस्टेन्ट स्टार्च, ओलिगोसेकेराइड, लिपिड, एन्टिअक्सिडेन्टजस्तो फेनोलिक एसिड, एवेनथ्रामाइड्स, फ्लेभोन्वाइड्स, लिग्नस र फाइटेस्टेरोलजस्ता थुप्रै महत्त्वपूर्ण पोषकतत्त्व पाइन्छन्।

कोदो मुटु रोगमा समेत अत्यन्त फाइदाजनक मानिन्छ। म्याग्नेसियम अत्यधिक हुने भएकाले यसले विशेष रूपले रक्तचाप कम गर्न, एथेरोस्केलेरोसिसमा मुटुको स्ट्रोकको जोखिमलाई न्यून गर्न सघाउँछ। कोदोमा भएको पोटेसियमले'वासोडिलेटर'अर्थात् सानो रक्तवाहिनीलाई ठूलो पारेर रक्तचाप कम राख्न सहयोग गर्नुका साथै मुटु र रक्तनलीसम्बन्धी जोखिम कम गर्छ। यसले केही प्रकारका क्यान्सर र मुटु रोगबाट समेत जोगाउँछ। कोदोमा उच्च मात्रामा पाइने रेशाले कोलेस्ट्रोल कम गर्नसमेत सघाउँछ।

यसले एलडिएल कोलेस्ट्रोललाई कम गर्नुको साथै एचडीएल कोलेस्ट्रोलको प्रभावलाई बढाउँछ। मधुमेह हुनबाट जोगाउन कोदोको उपयोग अत्यन्त फाइदाजनक देखिएको छ।

यसमा भएका फाइबर, म्याग्नेसियम, भिटामिन-ई, फेनोलिक यौगिक र टयानिनले मधुमेहको खतरालाई कम गर्छ। किनभने यिनले रगतमा ब्लड ग्लुकोज र इन्सुलिनको स्तरको एक्कासि वृद्धिलाई मन्द पार्छ। पाचनसम्बन्धी विकारमा समेत कोदो उपयोगी मानिएको छ। यसले गर्दा ग्यास्ट्रिक अल्सर र कोलोन क्यान्सरको सम्भावनामा समेत कमी आउँछ। यसमा भएको रेसाले कब्जियत, अत्यधिक ग्यासलाई दूर गर्छ।

यो रेसाले गहुँ र मकैको आटा सेवन गर्नेहरूको दाँजोमा इसोफेजियल क्यान्सर हुने सम्भावनामा समेत कमी ल्याउँछ। कोदोको नियमित उपयोगले क्यान्सरको जोखिमलाई समेत कम गर्न सक्छ। यो फेनोलिक एसिड, टयानिन र फाइलेट प्रशस्त भएको खाद्यपदार्थ हो। हालै गरिएको अध्ययनले रेसाले महिलामा स्तन क्यान्सरको सम्भावनालाई कम गर्छ। दिनहुँ ३० ग्राम रेसा उपयोग गरेर स्तन क्यान्सरको सम्भावना ५० प्रतिशतसम्म कम गर्न सकिन्छ। कोदोमा भएका उपयोगी तत्त्वहरूले विभिन्न क्यान्सरको जोखिममा कमी ल्याउँछन्।आईआईएमआरको अनुसार, कोदोले शरीरलाई विषाक्त पदार्थबाट मुक्त गर्छ।

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Warble= चिरबिर गर्नु Every morning the birds warble outside my window हरेक दिन बिहान मेरो झ्याल बाहिर चराहरू चिरबिर गर्छन्।

Brusque = खस्रो He thought that we were offended by his brusque reply उसको खस्रो जवाफले हाम्रो अनादर गऱ्यो भन्ने उसले ठान्यो।

Confound = छक्याउनु All his tricks failed to confound us हामीलाई छक्याउने उसका सबै दाउहरू असफल भए।

Discrepancies = असान्दर्भिक, अमिल्दो, एक अर्कासँग बाझ्ने There are many discrepancies among the versions given about palace massacre from different quarters दरबार हत्याकाण्डबारे धेरै कोणबाट नमिल्दा भनाइहरू आएका छन्।

Exculpate = दोषमुक्त गर्नु When the real culprit confessed she was exculpated of the crime साँचो अपराधीले अपराध स्वीकार गरेपछि तिनी दोष मुक्त भइन्।

Functionary = अधिकृत If the files transfers from one functionary to another the decision becomes late यदि फाइल एक अधिकृतबाट अर्को अधिकृतमा पठाउने काममात्रै हुन्छ भने निर्णय ढिलो हुन पुग्छ।

Grimace = दर्दपूर्ण अनुहार Although he was silent his grimace was indicating that he has pain ऊ चुप लागेर बसेको भए तापनि उसलाई दुखिरहेको छ भन्ने कुरा उसको अनुहारले बताइरहेको थियो।

Homily = गंभीर चेतावनी His speeches tend always to be full of homilies उसका भाषणहरू सधैं चेतावनीपूर्ण हुने गर्छन्।

Incorporate = मुख्य अंगसँग जोड्नु Comments received through email will be incorporated in the report इमेलबाट प्राप्त टिप्पणीहरू प्रतिवेदनमा समावेश गरिनेछन्।

Itinerary = भ्रमण योजना Before starting the trip, we have to finalize the itinerary भ्रमण सुरु गर्नुभन्दा पहिले नै भ्रमण योजना तय गर्नु पर्दछ।

Change बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Charge somebody of = कसैलाई केही कुराको आरोप लगाउनु I did not charge him of theft मैले उसलाई चोरीको आरोप लगाइन।

Charge somebody with = कसैलाई दोषि सावित गर्नु The district court charged him with murder जिल्ला अदालत उसलाई हत्याको लागि दोषी सावित गऱ्यो।

Charge at = जाइ लाग्नु The police charged at demonstrators प्रहरी प्रदर्शनकारी माथि जाइ लाग्यो।

Charge down = हतारमा ओर्लनु The children charged down the stairs बालबालिकाहरू हतार गरी भऱ्याङबाट ओर्ले।

Charge somebody for = कसैबाट शुल्क असुल्नु He charged me Rs. 100 for repairing my shoes जुत्ता मर्मतको लागि उसले मबाट रु १०० असुल्यो।

Charge something = चार्ज गर्नु Charge the battery again, it is empty बेट्री चार्ज गर रित्तिसक्यो।

Charge with something = ले भरिनु His voice is charged with tension उसको आवाज तनावले भरिएको छ।

Charge something up = हालिदिनु Please charge this amount up to my account यो रकम मेरो हिसाबमा हालिदिनु।

Charge somebody with = जिम्मेवारी दिनु I have charged him with my executive power मेरो कार्यकारी शक्ति प्रयोगको जिम्मेवारी उसलाई दिएको छु।

सुडोकु-अंक २९२

				५				
५			२		६			१
	२	४				६	३	
		३				८		
	५	६		९		७	१	
		२				९		
	६	७				५	४	
२			८		९			६
				७				

अंक २९१ को नतिजा

५	६	९	३	७	४	२	८	१
१	३	४	६	२	८	५	९	७
८	२	७	५	१	९	३	६	४
६	१	८	९	४	५	७	३	२
३	७	५	२	६	१	८	४	९
४	९	२	७	८	३	१	५	६
७	८	१	४	३	६	९	२	५
२	५	६	८	९	७	४	१	३
९	४	३	१	५	२	६	७	८

Society That Respects Women

Today, countless women are suffering from deprivation of socio-political rights and inequality in different parts of the world. The problem of women still remains a serious matter of international concern.

However, in the people-centred socialist Democratic People's Republic of Korea, women are leading a happy life under the care of the state, enjoying the dignity as a flower of the times and of the country.

The country provides all the women equally and fully with all their rights as social beings, including the rights to work, rest, and free education and medical care as well as political freedom and rights.

The Korean women, as masters of the country, are taking active part in the socio-political activities with an equal right with men, including those of administering the state; irrespective of job, property status and intellectual standards, they have the right to elect and to be elected, many of them including labour innovators being elected as deputies to the Supreme People's Assembly and other power organs at all levels, and exercising their right to express their opinions on state administration.

Today, the number of women is increasing at important posts in different fields and units including state and economic organs, scientific, educational and public health organs and cultural institutions.

The Socialist Constitution, Law on Family, Public Health Law, Socialist Labour Law, Law on the Nursing and Upbringing of Children and other laws and regulations of the state provide a legal guarantee for the positions, roles and rights of women.

The Korean women enjoy special state and social benefits.

The Pyongyang Maternity Hospital provides an eloquent proof of this.

This comprehensive medical service centre for women delivers babies and treats gynecological disorders free of charge. Women, who are admitted to this hospital for delivery, go back homes with their healthy babies after clearly being cured of even the diseases unknown to them still then. Parents with many children are presented with gifts including gold rings and silver daggers, and women who gave birth to many children are awarded the title of Mother Hero.

The Breast Tumour Institute under this hospital conducts check-up of women across the country with state-of-the-art medical facilities and provides the women diagnosed to be suffering from mammary diseases with efficacious medicines at state expense.

Fringe benefits are also given to the women.

A typical example is the state benefit given to them in their labour life.

The country makes sure that comprehensive labour safety measures are taken for women in state organs, factories, enterprises and social and cooperative bodies. In particular, back-breaking and hazardous labour is forbidden for them, and more stable and favourable working conditions and environment are provided to those with nursing babies and pregnant ones.

It provides the working women with such conditions that ensure they can take an active part in social labour, and builds on a preferential basis nurseries, kindergartens and amenities lest they experience inconvenience in their work. Working women with more than three children work for fewer hours than others, but they receive the same wages as theirs.

And it gives prominence to the women with many children, accords them preferential treatment and takes special measures for protecting them.

Recently, women who gave birth to more than three children have been issued with a special certificate for medical treatment; as a part of this measure, not only the women but also their husbands and their children, who are yet to graduate from senior middle school, can get medical service at any hospital.

How the country respects women can be clearly seen through a grand congratulatory performance held for them in the presence of the national leader to mark the International Women's Day and the palace-like hostels built by the state for the working women and the parties arranged for them at these hostels.

Under such benevolence, the women are working free of inconveniences, displaying their talents and wisdom, for the prosperity of their country in different fields including industry, agriculture, national defence, art and literature, education and public health.

Among them are scientists, farm managers who have opened up a new phase in farming in the northern highlands and east coast areas, athletes who have exalted the honour of their country with gold medals, medical workers who have snatched patients from the jaws of death by donating their blood and bones, and road maintenance workers in remote mountain areas.

The DPRKshould be called a country where the dignity and rights of women are provided at the highest level in the grand flower garden of prioritizing and respecting them.

Dance party in celebration of March 8, the International Women's Day

Working for social development, exercising their right to work

Breast Tumour Institute of the Pyongyang Maternity Hospital and some of its medical apparatuses

House-moving Season

In the Democratic People's Republic of Koreaa larger number of families moved into new houses last year than any of the previous years. In April, 10 000 families moved into new houses in Songhwa Street in the capital city of Pyongyang, followed by 800 families of labour innovators and other meritorious persons into the luxury houses built on the shore of the Pothong River. In the countryside, too,house-moving took place almost every day from the autumn to the end of the year. Many miners in the Komdok area also moved to new houses in the mountain gorge town built there.

Days Representing the Era of Transformation

Two years have passed since the Workers' Party of Korea adopted at its Eighth Congress a decision to build 50 000 flats in Pyongyang in the period of the new five-year plan (2021-2025). At the Fourth Plenary Meeting of its Eighth Central Committee held in late 2021, the Party advanced a grand programme of rural construction in the new era for transforming the rural villages into more civilized socialist ideal communities.

Looking back, launching into large-scale housing construction, which demands a colossal amount of investment, was not an easy decision to make; the country was still in a

Songhwa Street built as the first entity in the era of transformation

difficult economic situation due to the persistent sanctions and blockade imposed upon it by the forces hostile to it, as well as the global healthcare crisis and natural disasters that hit it.

However, Kim Jong Un, General Secretary of the WPK, regarding the decision of the Party Congress on solving the housing problem as a solemn pledge to the people, ensured that a large-scale housing construction campaign was forcefully pushed ahead across the country. He saw to it that powerful construction forces were mobilized for the campaign and all problems arising in it were solved.

Even when the country moved to the highest anti-epidemic emergency level after the malignant virus entered its territory in May 2022, he made sure that housing construction was pushed forward more powerfully, saying that work for the wellbeing of the people must not be suspended even for a moment. It can be said that last year's boom in housing construction was a fruition of his wise leadership.

Entering this year, house-moving still continues in the countryside.This year, too, many houses will be built in the rural communities and Komdok area, to be provided to the local

Part of the Pothong Riverside Terraced Houses District

people in autumn.

Seeing their dreams coming true even in the face of difficulties, the Korean people keenly feel that their rosy future is not far away and that they can surely achieve national prosperity in the near future if they work hard united with a single mind and will. In a word, the season of house-moving in the DPRK is a season of confidence in a better tomorrow and of ardent will to bring it earlier.

Season of Leap Forward to the Future

The new houses built recently in the Democratic People's Republic of Korea are luxurious ones which ordinary working people in capitalist countries cannot even dream to have. But in this country such houses are provided to ordinary people, and free of charge at that.What is worthy of particular note is that the level of civilization of the Korean people is raised to a higher stage with the completion of each housing construction project.

When Mirae Scientists and Ryomyong streets were inaugurated several years ago, they considered them to be ideal streets. And when new houses were built in flood-stricken areas in 2020, they regarded them as models of rural houses. But when they

Part of a newly-built rural village

saw Samjiyon which had been renovated into a model of a cultured mountain city, the 10 000 flats in Songhwa Street which combines formative and artistic qualities, the luxurious Pothong Riverside Terraced Houses District and modern houses built at the Ryonpho Greenhouse Farm and in various other rural areas of the country, they learned that they had to upgrade their cultural standards.

These standards will be raised again to a higher level soon when people move into the 10 000 flats in the Hwasong area which have been built as the first stage. It is clear that this raised level will be reflected in the rural houses to be built this year.

What is also interesting is that each house-moving season effects a rise in the creative level of the Korean people, too. It is their will to build a modern economy by their own efforts and technology as they have constructed new modern houses with their own efforts. Propelled by this will, the innovations and successes in the construction sector are spread to other sectors.

The work of readjusting and reinforcing the country's economy is now being

Newly-built rural houses

conducted vigorously, and this work is planned to be finished in the main this year. The main objective of this work is to develop the economy into a sustainable one unaffected by external influences by making it rely entirely on the domestic resources and technology.

This can be proved with the successes the country achieved in economic construction last year; the regional-industry factories in Kimhwa County were renovated to rely on the local raw materials and technology so that they can become models for all other units in the country; a large-scale sodium carbonate production line was established in the Namhung Youth Chemical Complex and the first-stage renovation of the Kumsong Tractor Factory was completed.

The Korean people are trying to apply their raised cultural level and the requirements of the new era, whether they produce an article or renovate a production line.

It is Kim Jong Un's creed that we should nurture ideals with an eye to the next century however difficult the situation is. Proceeding from this point of view, he examines and guides all the formation plans of the houses to be built.

Farmers' families moving into new houses

The house-moving season in the DPRK can be called a season when it is advancing to a brighter future.

उपराष्ट्रपतिमा...

उपराष्ट्रपतिमा उम्मेदवारी दिने सम्भावना नरहेको बताएका थिए। उपराष्ट्रपतिका लागि उम्मेदवारी दर्ता फागुन २९ मा छ। ८ दलीय गठबन्धनमा जसपालाई उपराष्ट्रपति दिने सहमति छ। जसपाबाट सांसद रामसहाय प्रसाद यादव उम्मेदवार बन्ने चर्चा छ। उनी बारा-२ बाट निर्वाचित भएका हुन्। एमालेले जसपासँग पछि सत्ता सहकार्यको सम्भावना कायम राख्न उसका उम्मेदवारविरूद्ध उम्मेदवारी नदिन लागेको हो। अहिले पनि एमाले मधेश प्रदेशमा जसपाको नेतृत्वमा सरकारमा छ। मंसिर ४ को चुनाव हुनु केही दिनअघि मात्रै जसपाले तत्कालीन सत्ता गठबन्धनबाट बाहिरिएर एमालेसँग चुनावी तालमेल गरेको थियो।

मेलम्चीको...

ठाउँमा मर्मत गरेर पुनः परीक्षण गरिने उनको भनाइ छ। नयाँ पाइप परीक्षणका क्रममा हुँदा हाल काठमाडौं उपत्यका खानेपानी लिमिटेडले पुरानो संरचनाबाटै पानी वितरण गरिरहेको छ। उपत्यकामा झन्डै सय वर्ष पुरानो पाइप रहेकाले पनि पुराना पाइपमा बढी समस्या भइरहेको कार्यालयको भनाइ छ। पहिलो कम परिमाणमा पानी वितरण हुने गरेकामा मेलम्चीको पानी दैनिक १७ करोड लिटर आउँदा पनि पाइपमा समस्या भएको छ। नयाँ पाइप परीक्षणका क्रममा भएकाले अहिले पुरानो पाइपबाटै पानी वितरण भइरहेको सूचना अधिकारी बताउँछन्। सरकारले गत महिनाबाट उपत्यकामा मेलम्चीको खानेपानी पुनः वितरण सुरु गरेको थियो। मेलम्चीको पानी वितरण दुई वर्षपहिले नै सुरु भए पनि बाढीका कारण धेरै संरचनामा क्षति पुगेकाले बर्सेनि हिउँद महिनामा मात्रै पानी वितरण भइरहेको छ।

श्रमिक...

सरकार र संसदमा महिलाको उपस्थिति अन्य मुलुकहरूको तुलनामा नेपालमा धेरै छ। राजनीतिक तहमा महिला सहभागिता निकै लोभलाग्दो देखिन्छ। राज्यका निकाय तथा संयन्त्रमा पनि आरक्षणको व्यवस्था गरिएका कारण महिला सहभागिता उल्लख्य वृद्धि भएको छ। कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगेटका महिलाको सहभागिता राज्यको नीति निर्माण तहमा बढ्नु भनेको निश्चय नै सुखद पक्ष हो। तर सहभागितासँगै आम महिलाको जीवनस्तर माथि उठ्न सकेको छ कि छैन ? नीति निर्माण तहमा के कामकाजी श्रमिक महिला पुगेका छन् ? नीति निर्माणमा पुगेका महिलाहरूले महिला हित तथा उत्थानका लागि के गृहकार्य गरेका छन् ? महिलामाथि हुने हिंसाका घटना बढेका छन् कि घटे ? महिलाले काम गर्ने वातावरण के अनुकूल हुँदै गइरहेको छ ? भन्ने प्रश्नका जवाफ महत्वपूर्ण हुन्छन्।

मुलुकको गार्हस्थ्य उत्पादनमा महिलाको हिस्सा अत्यन्त नगन्य छ। नीति निर्माण तहमा योग्य महिला पुग्नुपर्ने ठाउँमा ठुला नेताहरूका खल्तीका महिला पुग्ने गरेका छन्। महिलामाथि हुने हिंसा तथा विभेदका घटना झन् बढेका छन्। ५५ महिनामा ११ सय महिलाको हत्या भएको छ। हत्या भएकामध्ये १३४ बालिका छन्। महिला मारिनुमा यौनसँग सम्बन्धित लगायत दाइजो र सम्पत्ति प्राप्तिका कारणहरू कारक छन्। बोक्सी आरोपमा समेत महिलालाई दिसापिसाब खुवाउने र मार्ने गरिएका घटनाहरू सार्वजनिक भएका छन्। जातीय विभेदका कारण प्रेममा समेत महिलाले हिंसा सहनुका साथै आत्महत्या गर्नुपर्ने अवस्था छ। गर्भपतन, अपहरण, मानव बेचबिखन, अप्राकृतिक मैथुन लगायतका अपराधका घटना बढिरहेको अवस्था छ। लिंग पहिचान गरी गर्भमै कति छोरी मारिए त्यसको अनुसन्धान हुनसकेको छैन। लैंगिक समानताका बारेमा यस्ता सूचनालाई आधार मानेर हेर्ने गरिन्छ।

नीति निर्माण गर्ने मूल थलो भनेको संघीय संसद हो। संघीय संसदमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता हुन थालेको डेढदशक भइसक्यो। संसदले पहिलो महिला सभामुख समेत पायो। झन्डै आधा दर्जन महिलाहरू उपसभामुखको जिम्मेवारीमा समेत पुगे। तर उनीहरूले महिला समस्या न्युनीकरणका लागि खासै केही विधि निर्माण गर्न सकेनन्। संसद सचिवालयमा समेत सिसु स्याहार केन्द्र तथा स्तनपान कक्ष नहुँदा कतिपय महिला सांसद बैठकमा उपस्थित हुन नसक्ने विडम्बना अझै छ। यस्ता आफ्नै समस्याका बारेमा समेत नीति निर्माण तहमा पुगेका महिलाले ध्यान दिन सकेका छैनन्। देशको अर्थतन्त्र विदेशमा गएका युवावर्ग र स्वदेशमा रहेका महिलाहरूले धानिएको छ। युवाहरूले विदेशमा गएर कमाएर पठाउने वार्षिक १० खर्ब रुपैयाँ हाराहारीको रकम देशको गार्हस्थ्य उत्पादनमा समावेश छ तर महिलाहरूले घर सम्हाल्ने क्रममा उत्तिकै श्रम र मेहनत खर्च गरेका छन्। तर महिलाको यस्तो श्रममूल्यलाई राज्यले कुल गार्हस्थ्य उत्पादनमा समावेश गरेको छैन। जनसंख्याको मात्रै हिसाब गर्ने हो भने महिला जनसंख्या ५१ प्रतिशत छ तर ३३ प्रतिशत सहभागिताको काइते कुरामै महिलालाई अलमल्याइदिएको छ। राष्ट्रपति, सभामुख, प्रधानन्यायाधीश महिलाहरू भए भन्दैमा देशका महिलाको जीवनमा परिवर्तन आउने होइन। यसका लागि त संविधान प्रदत्त महिला अधिकारको सदुपयोग आवश्यक छ।

संविधानमा केन्द्रदेखि स्थानीय तहसम्मको संघीय संरचनामा प्रमुख वा उपप्रमुखमध्ये एकजना महिला हुनुपर्ने बाध्यकारी व्यवस्था छ। यो व्यवस्थाले राज्यका सबै तहमा महिलाको स्थापित गरेको छ। तर महिलाको आवरणमा नेताहरूका खास मान्छे मात्रै पुग्ने गरेका छन्। नेताहरूका श्रीमती, छोरी, बुहारी, प्रेमिका र चन्दादाताहरू नै महिला सहभागिताको प्रतिनिधित्व गरिरहेका छन्। आम महिलाहरूको प्रतिनिधित्व हुन सकेको छैन। धनकी देवी लक्ष्मी, विद्याकी देवी सरस्वती, शक्तिकी देवी दुर्गा महिलालाई पूजा गर्ने हाम्रो समाजमा महिला अशिक्षा, गरिबी, जबर्जस्ती करणी, यौन दुर्व्यवहार, एसिड आक्रमण, आगजनी, घरेलु हिंसा, सामाजिक अवहेलना, छुवाछूत, दहेज जस्ता अमानवीप्य हर्कतहरू सहन बाध्य छन्। नीति निर्माण तहमा पुगेका सुकिला महिलाहरूलाई आम महिलाका यस्ता समस्याबारे रत्तिभर चासो छैन।

संविधानको धारा ३८ मा महिलाको हक संरक्षित गरी सो हक हनन भएको खण्डमा संजैधानिक उपचारको व्यवस्था समेत गरिएको छ। व्यवहारगत रुपमा हुने महिला हिंसालाई नियन्त्रण गर्न मुलुकी अपराध संहिता २०७४ मा महिला विरुद्धका कसुरलाई जघन्य कसुरको रुपमा स्थापित गरेको छ। तर पितृसत्तावादी सोचका कारण महिला बलात्कार र हत्यालाई समेत समाजमा सामान्य रुपमा लिने गरिन्छ। करणीका घटनाहरूमा न्यायालयका आदेशहरू पुरुषकै अबिरले सजिएर युद्ध जितेझैं जेलबाट निस्कन्छन्। उनीहरूलाई स्वागत गर्न बडेमाको हूल उनीहरू सामु पुग्छ, ताली ठोक्छ, जयजयकार हुन्छ। छोरी हार्छन् पुरुष प्रफुल्लित हुन्छन्।

चेतना विकास नभएसम्म र मानसिकता परिवर्तन नभएसम्म जतिवटा महिला दिवस मनाए पनि अर्थ रहँदैन। आम नेपाली महिलाहरूको सामाजिक राजनीतिक आर्थिक जीवन परिवर्तनमा महिला दिवसले भूमिका खेल्न सकेको छैन। उपसभामुख इन्दिरा राना मगरले गुनासो गरेकी छन्– पदीय गरिमा अनुसारको सुविधा दिने कुरामा पनि पुरुष र महिलाबीच विभेद गरिँदोरहेछ। त्यसको सिकार यतिबेला म भइरहेकी छु। पुरुष उपसभामुख हुँदा पाउने सुविधा अहिले आफूले नपाएको उनको भनाइ छ।

मनुस्मृतिमा भनिएको छ– पिता रक्षति कौमारं भर्ता रक्षति यौवन, रक्षति स्थविरे, युवा न स्त्री स्वतन्त्र मर्हती' अर्थात् बाल्यकालमा पिताले, युवा अवस्थामा पतिले र वृद्ध अवस्थामा छोराले रक्षा गर्छन्। त्यसैले कहिल्यै पनि यी स्वतन्त्र हुँदैनन् भनिएको कुराले वैदिक वाङ् मय समेत महिला विरोधी देखिन्छन्। त्यो मान्यता अहिले पनि व्यवहारमा देखिँदै आएको छ। 'हाँस्नु छैन कदापि नारीहरूले वेश्या हुन्या हाँस्तछन्' भनेर आदिकवि भानुभक्तले भन्दा पनि उनको आलोचना गरिए। भाषा विरोधीको ट्याग लगाइन्छ। 'गजाधर सोतीकी घरबुढी अलच्छिनी रहिछन्' भनेर आफ्नै मितिनीलाई सराप्ने बुढा भानुभक्त अजर अमर छन्। शवरीको चर्चा हुँदैन रामकै हुन्छ। राम आदर्श पुरुष, सीताको अग्नि परीक्षा। द्रोपदीमाथि पाँच पति अनि पतिहरूले ल्याएका सौताहरू उनको नियति बन्यो। यही पितृसतात्मक प्रचलन नै अहिलेको निरन्तरता बनेको छ। नारी दिवसबारे बहुसंख्यक महिला न जानकार छन् न त उनीहरूले आफ्नो अधिकारको सदुपयोग गर्न पाएका छन्। जबसम्म महिला मुक्ति आन्दोलन उठ्दैन महिलाका समस्याको निदान असम्भव नै छ।

राजस्व...

यस्तो विवरण बुझाइसक्न पुस मसान्तसम्मको म्याद थपिएकोमा सो अवधिसम्म पनि केही करदाताले विवरण नबुझाएपछि विभागले छानबिन थालेको हो।

कतिपय करदाताले आफ्नो कारोबारको मूल्य अभिवृद्धि कर (भ्याट) को विवरण दाखिला गरेको, भन्सार तथ्यांक हेर्दा आयात-निर्यात गरेको पाइएको र त्यस्ता करदाताको नाममा अग्रीम कर कट्टीसमेत भएको देखिए पनि आयकरको विवरण भने नबुझाएको विभागले जनाएको छ। यसरी गत आर्थिक वर्ष २०७८-०७९ मा कर लाग्ने कारोबार गरेको देखिए पनि हालसम्म आय विवरण र कर दाखिला नभएपछि त्यस्ता करदाताको विवरण संकलनको काम भइरहेको विभागका सूचना अधिकारी राजुप्रसाद प्याकुरेलले जानकारी दिए।

आयकर विवरण र कर दाखिला नगर्ने करदाताको वास्तविक संख्या भने अझै आइनसकेको विभागले जनाएको छ। त्यस्तै, आय विवरण र कर दायित्व फरकफारक नगर्ने करदाताको छानबिन तथा अनुसन्धान गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने पनि विभागले जनाएको छ। चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा आयकर असुली निकै न्यून देखिएको छ। सरकारले पुस मसान्तसम्ममा रू एक खर्ब ५७ अर्ब २२ लाख १८ हजार बराबर आयकर उठाउने लक्ष्य राखेकोमा रू एक खर्ब १६ अर्ब ७९ करोड बराबर मात्रै असुली गरेको हो। जुन रकम यो अवधिका लागि राखिएको लक्ष्यको ७४ दशमलव तीन प्रतिशत बराबर हो।

दूधको...

सरकारले किसानको लागत मूल्य, बजार मूल्य वृद्धि तथा उपभोक्ताको क्रयशक्तिका आधारमा वैज्ञानिक अध्ययन गर्ने दाबी गरेका छन्।

सरकारले वैज्ञानिक आधार र उपभोक्ताको क्रयशक्तिलाई आधार मानेर मूल्य समायोजन गरेको बताए पनि उसले उद्योगीकै मूल्यमा सहमति जनाइदिएको छ।

राष्ट्रिय दुग्ध विकास नीति ०७८ अनुसार वार्षिक मूल्यवृद्धि एवं उत्पादन लागतका आधारमा दूधको मूल्यलाई हरेक दुई वर्षमा पुनरावलोकन गर्न सकिन्छ। त्यसका लागि दुग्ध विकास बोर्डको अध्ययन प्रतिवेदनका आधारमा पुनरावलोकलन गर्ने व्यवस्था गरिएको छ। दूध उत्पादन बढी हुने र कम उत्पादन हुने सिजनका लागि बेग्लाबेग्लै मूल्य निर्धारण गर्न सकिन्छ। दूधको मूल्य निर्धारण गर्दा अन्तर्राष्ट्रिय अभ्यासमा रहेका गुणस्तरसम्बन्धी मापदण्डलाई सम्भाव्यताका आधारमा समावेश गरी कच्चा दूधको गुणस्तर क्रमशः सुधार गरिने उल्लेख छ।

यता बोर्डका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद यादवले भने दाना चोकर र पिनामा भएको मूल्यवृद्धि आदि कारणले दूधको मूल्य बढाउन प्रस्ताव गरिएको दाबी गरे। गत वर्षदेखि किसानको न्यूनतम मूल्य तोकिँदै आएको दुग्ध विकास संस्थान (डीडीसी) का महाप्रबन्धक सञ्जीव झाले बताए।

०७८ माघ २८ मा कच्चा दूधको मूल्य प्रतिलिटर ६ रुपैयाँ ५२ पैसा बढेपछि डीडीसीले फ्याटका आधारमा स्ट्यान्डर्ड दूधको मूल्य प्रतिलिटर ९ रुपैयाँ, टी-मिल्कमा १० रुपैयाँ, काउ-मिल्कमा १२ र फुलक्रिम मिल्कमा १४ रुपैयाँसम्म बढाएको थियो। निजी डेरीले पनि सोहीअनुसार मूल्यवृद्धि गरेका थिए। अहिले किसानले पाउने मूल्य प्रतिलिटर ८ रुपैयाँ ९६ पैसा बढेपछि दूध र अन्य प्रडक्टको मूल्य पनि सोही अनुपातमा बढ्ने डीडीसीले जनाएको छ।

बैंकर्स...

प्रिमियम थपेर कर्जा प्रवाह भइरहेकोमा बढीमा ५ प्रतिशत थप्ने गरी निर्णय गरेका हुन्। प्रिमियम १ प्रतिशतले घटाउने निर्णय चैत १ देखि लागू हुने भएको छ। आधार दर गत वर्षको पुसको औसत आधार दरको तुलनामा २९ प्रतिशतले बढेको छ। गत वर्ष पुसमा बैंकको आधार दर औसत ८।४२ प्रतिशत थियो।

तत्कालका लागि साना ऋणीलाई राहत हुने गरी प्रिमियम घटाउने निर्णय भएको छ। त्यस्तै कुल डिपोजिटको ब्याजदर १० प्रतिशत र बचतको ब्याजदर ०.४२ प्रतिशत विन्दुले घटाउने निर्णय भएको उनले बताए। यसको अर्थ बचतको ब्याजदर ६ देखि ८ प्रतिशतको बीचमा रहनेछ।

बैंकहरूसँग भएको कुल निक्षेपमा बचत खातामा भएको निक्षेपको हिस्सा २६ प्रतिशत छ। जसकारण बचतमा ब्याजदर घटाउने निर्णयले बैंकहरूको आधार दर र कर्जाको ब्याजदर घट्छ। मुद्दती निक्षेपमा भने फागुनकै ब्याजदर यथावत राखिने भएको छ।

वित्तीय...

वालाहरूसँग समस्या समाधानका लागि कुनै पहल गरेको पाइँदैन। मुलुकमा यति ठूलो वित्तीय संकट आउँदा र अराजकता बढ्दै जाँदा पनि सरकार र राष्ट्र बैंकले ठोस पहल नगर्नु आफैंमा गम्भीर आश्चर्यको विषय बनेको छ। विकास निर्माणको कामले समेत गति लिन सकेको छैन। सरकारको विकास बजेट खर्च गर्ने क्षमतामा बर्सेनि ह्रास आइरहेको छ। नयाँ रोजगारी सिर्जना शून्य अवस्थामा रहेको छ भने भएका औद्योगिक, व्यावसायिक प्रतिष्ठानहरू ताला लाग्ने अवस्थामा पुगेकाले बेरोजगारी समस्या थप गम्भीर बन्दै गएको छ। समग्र अर्थतन्त्रको अवस्था जोखिमपूर्ण बनेको भए तापनि सरिकार कानमा तेल हालेर सुनेकै कारण दुर्गा प्रसाईंजस्ता व्यवसायीको आन्दोलनले दिनहुँ चर्चा पाइरहेको छ।

तरल...

बुझिन्छ। युरोपियन युनियन, 'जी-ट्वान्टी' सदस्य राष्ट्रहरू र अमेरिकाले रसियाप्रति देखाएको दुर्भावनाबारे आफूहरू जानकार रहेको रसियाको प्रतिक्रिया छ।

साना राष्ट्रहरूको दिमागमै कलमी गरिरहेका छन्, शक्ति राष्ट्रहरू। नवीन विचार, परिष्कृत चेतना, स्वाभिमान र देशभक्तिजस्ता कुरा पैदा नहुन् भन्ने अभिप्रायले त्यस्तो दुराशय र दुराग्रह राखिएको हो भन्नका लागि कुनै प्रमाणको आवश्यकता पर्दैन। यस्तो विकृत र असंगत मनोविज्ञानले नेपालजस्ता राष्ट्रलाई दिमागवेष्टित (माइन्ड-लक्ड) बनाउने निश्चित छ। केही दिनअघि राष्ट्रसंघको एउटा बैठकमा रसिया र युक्रेनबारे मतदान हुँदा १४१ राष्ट्रले मत दिए। रसियाले युक्रेनमाथि अत्याचार गरेको भन्दै बहुमतले प्रस्ताव पारित गरियो। त्यसमा रसियासहितका सात राष्ट्र विपक्षमा उभिए भने चीन, भारत, पाकिस्तान, बंगलादेशसहितका ३२ राष्ट्र तटस्थ बसे। यसरी 'विश्व-मामिला' बनिरहेका अनेक प्रश्नले नेपालजस्ता राष्ट्रहरू गम्भीर रणनीतिको जालोमा परिरहने सम्भावना बढ्दै छ।

२०४६ सालमा रक्षा र परराष्ट्र विषय भारतलाई बुझाउन राजा वीरेन्द्र तयार नभएपछि राजतन्त्रलाई कमजोर पार्न २०४६ सालको जनआन्दोलन गराइएको र त्यसपछिका वर्षहरूमा नेपालमा आफू अनुकूल सरकार एवं नीति बनाउन विदेशीले दबाब दिने गरेको छ।

पछिल्ला वर्षमा हरेक महिनाजसो चीन, भारत, इयु र अमेरिकाका प्रतिनिधिहरू नेपाल आएर आदेश-निर्देश दिने गरेका छन्। राष्ट्रिय सुरक्षा नीति, परराष्ट्र नीति, गृहनीति भए पनि राष्ट्रिय मूलनीतिका बारेमा सरकार नै अलमल्ल पर्ने गरेको पाइन्छ। यो अवस्था भनेको नेपाल धेरै कमजोर भइरहेको छ भन्ने दृष्टान्त हो।

सन् १९९५ मा अमेरिकाले आर्थिक नाकाबन्दी गरेपछि पश्चिम एसियाको रणनीतिक महत्त्वको क्षेत्र इरान चीनसँग नजिक बनिरहेको छ। एसिया र युरोप जोड्ने इरान व्यापारको पनि ठूलो केन्द्र बन्ने चीनको विश्लेषण छ। अमेरिका र रसिया-चीनको ध्रुवीकरणमा इरानले चीनका पक्षमा उभिने संकेत देखाएपछि 'गल्फ' क्षेत्रका मिडियामा यसबारे व्यापक बहस भइरहेको छ।

सामरिक र आर्थिक स्वार्थका कारण इरानप्रति चीन र अमेरिकाको चासो हुनु अस्वाभाविक होइन। अर्बौं डलरका परियोजना चलाउन इरान र चीनबीच भएका सम्झौताले अमेरिकाको मनमा चिसो पसेको छ। आर्थिक सम्झौताहरूले इरानमा बढ्न सक्ने चीनको चियोचर्चा र चासोका कारण अमेरिकाविरोधी भावना बढ्न सक्ने कतिपय विश्लेषकको टिप्पणी छ। बैंक, टेलिफोन, सडक, रेलमार्ग र बन्दरगाहहरूमा ठूलो लगानी गरेर चीनले इरानी जनताको मन जित्न खोजेको वासिङ्टनलाई प्रिय लागेको छैन।

शक्तिहीन राष्ट्रहरूमा प्रभाव बढाएर कूटनीतिका नाममा झुटनीति लाद्न चाहनेहरूका लागि नेपाल द्वन्द्वको उर्वर भूमि बन्न सक्छ। यहाँका राजनीतिक व्यक्तिहरूले कुनै पनि राष्ट्रविरुद्ध नेपाली माटो प्रयोग हुन नदिने प्रतिज्ञा गरे पनि अस्थिरताका कारणले नेपाली कूटनीति अरू तरल बन्ने देखिन्छ।

आर्थिक र सामरिक स्वार्थमा जेलिएको विश्व-कूटनीतिमा नेपालले आफ्नो स्थान, महत्त्व र आत्मरक्षानीति स्पष्ट गर्न सकेन भने राष्ट्रहरूको पंक्तिमा नेपाल तथ्यांकमा मात्र सीमित रहनेछ। चौबाटोको चौतारो बनेर हरेक व्यक्तिको आवातजावतलाई मौनदर्शक बनेर हेर्ने वरपीपलको वृक्षझैं नेपाल घटना-दुर्घटनाको मुकसाक्षी बन्न सक्छ। अमेरिकाले नाकाबन्दी हटाएन भने इरान र चीनको प्रणय अरू बढ्नेछ र त्यसको नोक्सानी वासिङ्टनले बेहोर्नुपर्ने विश्लेषकहरूको तर्क छ।

टाइग्रिस र युफ्रेटिस नदीबीच विकसित मेसोमोटामियाको सभ्यता, रोमन सभ्यता, सुमेरियन सभ्यता, बेबिलोनको सभ्यता, आसिरियन सभ्यतालगायत प्राग्ऐतिहासिक र प्राचीन सभ्यता पुष्पित-पल्लवित हुँदै धराशायी बन्यो। इतिहासकार, मानवशास्त्री, समाजशास्त्रीहरू भन्छन्–राष्ट्र संवेदनशील भएन भने नष्ट र पथभ्रष्ट बन्छ।

हामीले एउटा लामो कालखण्ड (२००७ सालपछि) डेमोक्रेसी भनेरै बितायौं। सत्तरी वर्षदेखिका रोगबाट राजनीति ग्रसित छ। हजारौं मानिस दरिद्र जनताका 'मुक्तिदाता' भन्दै राजनीतिमा आए पनि राष्ट्र र जनताको आर्थिक अवस्था अपेक्षाकृत रूपमा सुध्रिएन तर राजनीतिकर्मीमध्ये धेरै जना ढिँडोवर्गबाट 'भुजा ज्युनार' वर्गमा अनुवाद भए। हाम्रा पुर्खाले जंगी, निजामती, प्रहरीजस्ता राज्यसंयन्त्र शुद्ध बनाउँदै लगेका थिए, त्यहाँ व्यक्ति वा अगुवाले पूर्वाग्रह, घृणा, प्रतिशोध, विग्रह र घात-प्रतिघातको लुतो सार्ने काम भइरहेको छ।

कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका चरित्रहीन बनेका छन्। राष्ट्राध्यक्ष, सरकार प्रमुख र मन्त्रीदेखि सांसदहरूसमेत 'हलुंगो' भनिने आल्मुनियमका थोत्रा थालजस्ता छन्। वुटवल र त्यस वरिपरका क्षेत्रमा 'रामापिथेकस' युगको अध्ययन गर्दा हिमवत् खण्डदेखि यसका छेउछाउमा एक करोड वर्षभन्दा पुरानो मानव गतिविधिका प्रमाणहरू पाइएका छन्। हजारौं वर्षपछि पनि जब मानिसहरू मान्छे काट्दै, मन्दिर र गुम्बाहरू भत्काउँदै, असल मानिसलाई दुःख दिँदै हिँड्छन्, त्यसलाई नेपाली सभ्यताप्रतिको हमला नभनेर के भन्ने? विचार र आस्थाको कलमी गराउन विदेशीले निर्माण गरेको भाडाको फौजलाई हामीले राजनीतिक दलको सुन्दर परिधानले सजायौं। हत्या, लुट र आतंकका नाइकेलाई राष्ट्रको तालाचाबी सुम्पेर डेमोक्रेसी बलियो हुन्छ भन्ने मूर्ख दलहरूको 'बाध्यता' अन्ततः दिल्लीमा पुगेर छलफलको विषय बन्छ। जुन उद्देश्यका लागि एकजुट गराइएको थियो, त्यो पूर्ण हुन बाँकी छ। त्यसैले हरेक दलमा लेन्डुपहरू पैदा भएका छन्। नेपाल त्यो दिन 'पूर्ण प्रजातन्त्र' हुन्छ, जुन दिन सर्वाधिकार अरूतिर हस्तान्तरण हुन्छ। सत्ययुगमा सत्यवती देश, त्रेतायुगमा तपोवन, द्वापरयुगमा मुक्तिसोपान र कलियगमा नेपाल नाम रहेको हजारौं वर्ष पुरानो स्वतन्त्र राष्ट्र आज पराधीन, परतन्त्र र परावलम्बीका हातमा पुगेको छ। राष्ट्रलाई स्वतन्त्र बनाएर शान्त, समृद्ध, स्थिर तथा खुसीमय बनाउन विदेशीकै चरण स्पर्श गर्नु आवश्यक छैन। लाखौं युवालाई स्वदेशमै रचनात्मक काममा सक्रिय गराउने हो भने नेपाल र नेपालीको रक्षा उनीहरूले नै गर्छन्।

बौद्ध...

भएको छ। सिधै भन्न सकिन्छ– हिन्द-प्रशान्त रणनीति अन्तर्गत रही विभिन्न शक्तिहरू नेपाली भूमिबाट चीनलाई द्वन्दमा फसाउन कथित 'स्वतन्त्र तिब्बत' अभियानलाई सहयोग पुऱ्याउने गरी विभिन्न कार्य गर्न चाहन्छन्। चीनसँग सिमाना जोडिएको नेपालको उत्तरी संवेदनशील क्षेत्रमा उल्लेखित उद्देश्यका साथ उपरोक्त 'मुस्ताङ् बौद्ध कलेज' संचालन गर्दा चीनको बैध सुरक्षा चासोमा खलल पुग्ने सच्चाइलाई भूराजनीतिको महत्वबारे जानकार नेपाली जनताले सहजै बुझ्दछन्।

नेपालको चीन सँगको असल छिमेकी सम्बन्धलाई तहसनहस पार्न सक्ने यस्ता कार्यबारे सचेत हुँदै भावी दुष्परिणामहरू समेतको आँकलन गरी छिमेकी मुलुक बिरूद्ध नेपाली भूमि प्रयोग हुन नदिने पूर्व घोषित राष्ट्रिय नीतिप्रति कायम रहिरहनु नेपाल सरकारको प्राथमिक कर्तव्य हो। तसर्थ उपरोक्त 'बौद्ध कलेज' खोल्न चाहने इण्डियाको प्रस्तावलाई संवेदनशील उत्तरी सीमाक्षेत्र बाहेकका अन्य उपयुक्त स्थानमा लान सकिने स्पष्ट राय राख्दै विश्वासिलो छिमेकी सम्बन्ध कायम राख्नु आजको आवश्यकता हो।

नेकपा (माले) इण्डियाको त्यस्तो विवादस्पद प्रस्तावको बिरोध गर्दछ। साथै नेपाल सरकारले उक्त प्रस्तावलाई अस्वीकार गर्दै नेपाली जनतालाई हाम्रो भूमि उत्तरी छिमेकीको विरुद्ध प्रयोग हुन दिइने छैन भन्ने कुरामा आश्वस्त बनाओस् भनी जोडदार माग गर्दछ।

युरेनियम...

हातमा पुऱ्याइएको थियो। खम्पाहरूले मुस्ताङलाई आधार क्षेत्र बनाएर तिब्बतमा उत्पात मच्चाउने रणनीति लिएका थिए। चीनले यो गोप्य खम्पा विद्रोहको सुराक पाएपछि तत्कालीन राजा वीरेन्द्रलाई खम्पा विद्रोह दमन गर्न आग्रह गरेको थियो। यदि नेपालले खम्पा विद्रोह नदबाए चिनियाँ जनमुक्ति सेना मुस्ताङ उतार्ने चिनियाँ चेतावनीपछि राजा वीरेन्द्रले तत्कालीन शाही सेना परिचालन गरेर खम्पा विद्रोहलाई नियन्त्रणमा लिएका थिए। मुस्ताङमा युरेनियम खानी छ भन्ने पत्ता लगाइएको निकै लामो समय बितिसकेको छ। जुनसुकै अमेरिकी राजदूत नेपाल आए पनि उनीहरूको पहिलो भ्रमण मुस्ताङ नै हुने गरेको छ। अमेरिका चीनलाई तिब्बत विद्रोहमा झोंकेर चिनियाँ अर्थतन्त्रलाई कमजोर बनाउने रणनीतिमा छ। यसका लागि मुस्ताङ उपयुक्त स्थल हो भन्ने उसको पुरानो बुझाइ छ। मुस्ताङमा सिधै अमेरिकाले गतिविधि गर्दा चिनियाँ विरोधको सामना गर्नुपर्ने प्रस्टै छ। अमेरिका मुस्ताङमा भारतमार्फत अड्डा जमाउन खोजिरहेको छ। भारतको आफ्नै स्वार्थ छ– मुस्ताङको युरेनियम हात पार्ने। कलेज र बौद्ध स्तूपको बाध्य आवरणमा अमेरिकी हतियारको भण्डारण गर्ने र अर्को चीनविरुद्ध विद्रोह गराउने अमेरिकी षड्यन्त्र रहेको छ। अमेरिका र भारत दुवै मिलेर युरेनियम पनि ओसार्ने र तिब्बतमा अशान्ति पनि सिर्जना गर्ने योजनास्वरुप बौद्ध कलेजको अवधारणा आएको कूटनीतिक विश्लेषकहरूको अनुमान छ।

भारतीय...

पठाइएको छ। कृषि तथा पशुपक्षी मन्त्रालयले खाद्यान्न तेलहन र अन्नमा आधारित पुरक बाल अधिकार तथा तरकारीको मापदण्ड तोक्ने र त्यहीअनुसार भन्सार बिन्दुमा परीक्षण गर्ने प्रस्ताव तयार पारेको थियो। खाद्यान्न, दलहन तथा त्यसबाट बनेका पदार्थको गुणस्तरसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशित भइसकेको छ। तर तरकारीको गुणस्तरसम्बन्धी मापदण्ड भने राजपत्रमा प्रकाशित गरिएको छैन।

भारतबाट आउने तरकारी परीक्षण गर्दा जीवनाशक विषादीको अवशेष भेटिने र त्यस्तो अवस्थामा तरकारी रोकिने भएकाले अहिले यो मापदण्ड लागु गर्न सरकार पछि हटेको हो। भारतसँगको सम्बन्ध बिग्रिने ठानेर सरकारले भारतीय विषादी नेपाली उपभोक्ताको भान्सामा बेरोकटोक जान दिने भएको छ। तरकारी फलफूल तथा अन्य बालीमा करिब ३० समूहका विषादी प्रयोग हुने गरेका छन्। तर त्यसको कति मात्रा प्रयोग भएको छ भन्ने जाँच नै नगरी भारतबाट आयात गरेर सिधै बजारमा पठाउने गरिएको छ। विषादीको परीक्षण नै नगरी तरकारी फलफूल भारतबाट निर्वाध आयात गर्न दिएर सरकारले जनताको स्वास्थ्यसँग गम्भीर रुपले खेलबाड गरिरहेको छ।

केपी ओली प्रधानमन्त्री भएका बेला उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले २०७६ असार २ देखि भन्सार विन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादी अवशेष परीक्षण सुरु गरेको थियो। तर नेपाल सरकारको कदमले आफ्ना व्यवसायीलाई अप्ठेरो परेको जनाउँदै भारतीय दुतावासले असार १४ मा परराष्ट्र मन्त्रालयलाई दबाबमूलक पत्र पठाएको थियो। दुतावासको दबाब पछि सरकार परीक्षण गर्ने निर्णयबाट असार १८ मा पछि हटेको थियो। त्यसबेला सरकारले पर्याप्त प्रयोगशाला र स्पष्ट मापदण्ड पनि नबनेको कारण देखाएको थियो। लगत्तै खाद्य तथा गुण नियन्त्रण विभागकै पहल र कृषि मन्त्रालयको प्रस्तावमा सरिकारले २०७७ मंसिर १५ मा तरकारी तथा फलफूलमा विषादीको अवशेषको सीमा तोक्न आदेश दिएको थियो।

मन्त्रिपरिषद्ले आदेश दिएपछि स्याउ, केरा, करेला, भन्टा, बँदकोभी, भिन्डी, आलु, टमाटर र चियामा विषादीको मात्रा निर्धारण गर्ने बाटो खुलेको थियो। विभागले जीवनाशक विषादी अवधिको सीमा निर्धारण गरे पनि मापदण्ड लागु भएको छैन। कृषि मन्त्रालयका अनुसार मुलुकमा करिब २ लाख ८४ हजार १ सय २१ हेक्टर जमिनमा तरकारी खेती गरिन्छ, जसबाट वार्षिक ३९ लाख ९३ हजार मेट्रिक टन हरियो तरकारी उत्पादन हुन्छ। तर भारतबाट विषादीयुक्त तरकारी निर्वाध रुपमा आयात भइरहेको छ भने यता नेपाली उत्पादनले बजार नपाउँदा किसानहरू निराश छन्। आक्रोश स्वरुप तरकारी सडकमा फाल्दै आएका छन्।

राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षमा १६ अर्ब ९६ करोड १३ लाख रुपैयाँको तरकारी भारतबाट भित्र्याइएको थियो। चालु आवको ६ महिनामा ९ अर्ब ६६ करोड ३० लाख रुपैयाँको तरकारी आयात भइसकेको छ। यो क्रम वर्षौंदेखि चलिरहेको छ। नेपाली उत्पादन बिक्री नभएर आन्दोलन भइरहेका छन्। पछिल्लो समयमा चितवनमा तरकारी फालेर विरोध भयो। भारतीय तरकारीमा मापदण्ड लागु भए यस्ता घटना कम हुने अर्थक्षेत्रमा विश्लेषण गरिँदैछ। भारतबाट आयात हुने विषादीयुक्त र न्यून गुणस्तरका तरकारीका कारण नेपाली किसानले मार खप्नु परिरहेको छ। भारतमा उत्पादित तरकारी र फलफूल 'ए र बी' ग्रेडका भने अन्य मुलुकमा पठाइन्छ। सी ग्रेडका सामान नेपाल आइपुग्छ। भारतबाट जथाभावी तरकारी भित्रिन दिँदा नेपालको कृषि अवस्था नै डावाडोल भएको छ।

चीनले...

उत्कर्षमा पुऱ्याउन सक्ने रक्षा विश्लेषकहरूले दाबी गरेका छन्। बाह्य खतरा र अस्थिरताको सामना गरिरहेको राष्ट्रिय सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र विकास हितको रक्षा गर्न तथा आफ्नो राष्ट्रिय रक्षालाई आधुनिकीकरण गर्ने प्रयासका लागि रक्षा बजेट बढाइएको चिनियाँ सञ्चारमाध्यम ग्लोबल टाइम्सले उल्लेख गरेको छ।

सन् २०१६ यता चीनले लगातार आठौं वर्ष रक्षा बजेटमा भइरहेको बढोत्तरीलाई कायम नै राखेको हो। कोभिड महामारीको समयमा पनि चीनले रक्षा बजेट वृद्धिलाई कायम नै राखेको थियो। २०२० मा रक्षा बजेटमा ६.६ प्रतिशतको वृद्धि, २०२१ मा ६.८ प्रतिशत तथा २०२२ मा ७.१ प्रतिशतले वृद्धि गरिएको थियो। गत वर्षको तुलनामा यसवर्ष रक्षा बजेट केवल ०.१ प्रतिशतले बढाइएको हो। चिनियाँ सैन्य विज्ञ तथा टिप्पणीकार सोङ झोङपिङका अनुसार चीनको राष्ट्रिय रक्षा आवश्यकता र आर्थिक विकासलाई ध्यानमा राख्दा यो वृद्धिलाई उच्च मान्न सकिन्न। यस्तै बजेटमा २०२३ मा चीनको आर्थिक वृद्धिदर लाई ५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको पनि उल्लेख गरिएको छ। २०२२ मा चीनले आर्थिक वृद्धिदरलाई ३ प्रतिशत कायम राख्ने लक्ष्य राखेको थियो। ग्लोबल टाइम्सका अनुसार चीनले सन् २०२७ सम्ममा चिनियाँ सेनाको शताब्दी लक्ष्य हासिल गर्ने, सन् २०३५ सम्ममा राष्ट्रिय रक्षा र सशस्त्र बलको आधुनिकीकरण गर्ने र २१औं शताब्दीको मध्यसम्ममा सशस्त्र सेनालाई पूर्णरूपमा विश्वस्तरको सेना बनाउने लक्ष्य राखेको छ।

गत शनिबारबाट सुरु भएको एनपीसी बैठकले राष्ट्रपतिमा सी चिनफिङको पुनः निर्वाचित गर्नुका साथै चिनियाँ सेनाको प्रमुख पनि चयन गर्ने छ। साथै यसै बैठकले चीनको नयाँ प्रधानमन्त्री पनि चयन गर्ने छ। गत अक्टोबरमा भएको चिनियाँ कम्युनिस्ट पार्टीको महाधिवेशनले राष्ट्रपति सीलाई तेस्रो पटक पार्टीको नेतृत्वकर्ता चयन गरेको थियो।

रुस-युक्रेन युद्ध, बेलुन काण्डसँगै अमेरिकासँग बढेको तिक्तता तथा राष्ट्रपति सीको रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको निकटताबीच आएको रक्षा बजेटले विश्व राजनीतिलाई नै तरंगित बनाएको छ। अमेरिकी अधिकारीहरूले चीनले ताइवानमाथि निकट भविष्यमा नै आक्रमण गर्नसक्ने खतरा रहेको दाबी गर्ने गरेका छन्। चीनले विगत केही वर्ष यता ताइवान वरपरको सामुद्रिक क्षेत्रमा सैन्य शक्तिको प्रदर्शनलाई बढावा दिएको छ। चीनले स्वशासित ताइवानलाई आफ्नो देशको अंग बताउँदै आएको छ।